आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : तिरहुत गाउँपालिका, सप्तरी , तिरहुत गाउँपालिका , सप्तरी

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	अशोक कुमार सिँह	२०७७-१२-४	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	रेनुका साह	२०७८-२-२१	२०७८-३-३१
कार्यालय प्रमुख	निरज कुमार देव	२०७७-४-१	२०७७-११-२९
लेखा प्रमुख	रामानन्द चौधरी	२०७७-४-१	२०७८-३-३१
		बेरुजु रकम	६१,२९५,८२१

https://nams.oag.gov.np

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२३,००,०५,७३३.१२	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२३,४३,०१,०८०	**चालु खर्च**	२५,३१,५२,९४८.३३
प्रदेश सरकारबाट अनुदान	१,९९,४१,०००	**पूँजीगत खर्च**	५,७०,६२,४७९.०८
राजश्व बाँडफाँट	४,९०,४८,२५९.३८	**वित्तीय/अन्य व्यवस्था**	४०,४६,९४२.४७
आन्तरिक आय	२३,५१,०१४.३२		
अन्य आय	८,५६,७३,६३८		
कुल आय	३९,१३,१४,९९१.७	**कुल खर्च**	३१,४२,६२,३६९.८८
बाँकी मौज्दात		३०,७०,५८,३५४.९४	

https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय
स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्वेश्यले यस तिरहुत गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ। यस तिरहुत गाउँपालिका अन्तर्गत ५ वडा, २७ सभा सदस्य, ३७.८२ वर्ग किलोमिटर क्षेत्रफल तथा २२ हजार १० जनसंख्या रहेको छ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुली
लेखापरीक्षणको क्रममा निम्नानुसारको रु १७२७२२७ असुल भएको छ ।
<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>गाँउपालिकाको राजश्व दाखिला</td><td>८१२५३</td></tr>
<tr><td>२</td><td>दिवा खाजा वापत १२ वटा विद्यालय बाट</td><td>१६४४७७४</td></tr>
<tr><td>३</td><td>भ्रमण खर्च</td><td>१२००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१७२७२२७</td></tr>
</table></td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>स्थानीय सँचितकोष
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम तिरहुत गाँउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७७/७८ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छः-
<table>
<tr><th>क्र.सं.</th><th>आय तर्फ</th><th></th><th>क्र.सं.</th><th>व्यय तर्फ</th><th></th></tr>
<tr><td></td><td>आय विवरण</td><td></td><td></td><td>व्यय विवरण</td><td></td></tr>
<tr><td></td><td>विवरण</td><td>रकम</td><td></td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>१</td><td>गत बर्षको जिमेवारी</td><td></td><td></td><td>चालु</td><td></td></tr>
<tr><td></td><td>बैंक</td><td></td><td>१</td><td>गाउँपालिका चालु</td><td>१०६४४५८६३.८४</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
					चालु खाता	१३२५३४०७.५२	२	गाउँपालिका शिक्षा	१४४०३७५		
					पुँजिगत खाता	७२५१४९९	३	गाउँपालिका स्वास्थ्य	१९४७४८९		
					सँचितकोष खाता	११६०२१००२.36	४	गाउँपालिका कृषि	९८३७१०		
					आन्तरीक अनुदान खाता	७६५०६२५०	५	संघीय हस्तान्तरण चालु	७३२३३५१०.49		
					प्रकोप व्यवस्थापन	५८०००००		**पुँजिगत**			
					धरौटी	४९५४१८	७	गाउँपालिका पुँजिगत	४२१७१३८४		
					राजश्व बाँडफाँड	६६६८०१३.२४	८	गाउँपालिका स्वास्थ्य	०		
					विभाज्य कोष खाता	१०१४३	९	संघीय हस्तान्तरण पुँजिगत	८५१८४५७.०८		
					कर्मचारी कल्याण कोष	४००००००	१०	प्रदेश हस्तान्तरीत पुँजिगत			
				२	**राजश्व बाँडफाँड**	४९०४८२५९.३८		**बिषयगत निकासा खर्च**			
				३	**अन्तरिक आय**	२३५१०१४.३२	११	समाजिक सुरक्षा तथा संरक्षण	६८५५६०००		
				४	**नेपाल सरकारबाट प्राप्त अनुदान**		१२	गरिबसंग विशेश्वर कार्यक्रम	५४६०००		
					वितय समानिकरण अनुदान	९३१०००००	१३	एकिकृत स्वास्थ्य पूर्वाधार विकास	१६८३७००		
					सशर्त अनुदान	१३१२०१०८०	१४	स्थानिय पुर्वधार विकास कार्यक्रम	४६८८९३८		
					समपुरक अनुदान		१५	**अन्य खर्च**			
					विषेश अनुदान	१०००००००		प्रकोप व्यवस्थापन (कोभिड १९)	३९४३९२०.४७		
				५	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		१६	**धरौटी फिर्ता**	१०३०२२		
					वितय समानिकरण अनुदान	६९४१०००	१७	**मौज्दात**			

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

	सशर्त अनुदान	८००००००		चालु खाता	४४२९७४४४.९२
	समपुरक अनुदान	२००००००		पुँजिगत खाता	७०९९३८०८.६३
	विषेश अनुदान	३००००००		सँचितकोष खाता	७०६१८१९३.54
६	**बिषयगत निकासा**			प्रकोप व्यवस्थापन	२८५६०७९.५३
	समाजिक सुरक्षा तथा संरक्षण	६८५५६०००		धरौटी	५१७३९६
	गरिबसंग वशेश्वर कार्यक्रम	५४६०००		कर्मचारी कल्याण कोष	६००००००
	एकिकृत स्वास्थ्य पूर्वाधार विकास	१६८३७००		आन्तरीक अनुदान खाता	१०९४२४४१८
	स्थानिय पुर्वधार विकास कार्यक्रम	४६८८९३८		आन्तरीक राजश्व खाता	२३५१०१४.३२
७	**धरौटी अम्दानी**	१२५०००			
८	**कर्मचारी कल्याण कोष**	२००००००			
९	**प्रकोप व्यवस्थापन**	५८०००००			
१०	**नसाटिएको चेक**	२२७४०००			
	जम्मा	**६२१३२०७२४.८२**		**जम्मा**	**६२१३२०७२४.८२**

४			**वित्तीय विवरण परीक्षण**	
४.१			स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छनः **क.** गाँउपालिकाले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			ख. स्थानिय तहले विभिन्न श्रोतबाट आम्दानी भएको रकम तथा संचतिकोषबाट चालु, पुँजिगत लगायत विभिन्न खातामा स्थानान्तरण गरेको रकम बास्तविक आम्दानी र स्थानान्तरण बमोजिमकै सुत्रमा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । सुत्रमा आम्दानी बाँधिएको रकम सँग संचितकोष, चालु, पुँजिगतको बैंक विवरण भिडान गर्दा अधिकांश फरक पर्न गएको देखिन्छ । अनुदान निकासा बमोजिमनै सुत्रमा प्रविष्ट गर्नुपर्नेमा सो गरेको पाइएन । **ग.** कोष तथा लेखा नियन्त्रक कार्यालय बाट प्राप्त विवरण तथा गाँउपालिकाको बैङ्क स्टेटमेन्ट अनुसार नेपाल सरकार तथा प्रदेश सरकार बाट प्राप्त समानिकरण, शसर्त, विशेष तथा समपुरक अनुदान रकम रु २५,४२,४२,०८० आन्तरिक अनुदान खातामा आम्दानी भएकोमा सुत्रको आन्तिरक अनुदान खातामा रु २६,२२,४२,०८० आम्दानी बाँधेकोले रु ८०,००,००० बढि आम्दानी जनाएको देखिन्छ । सो खाताको बैङ्क स्टेटमेन्ट अनुसार रु २२,१३,२३,९२२ संचितकोषमा ट्रान्सफर भएकोमा सुत्रमा रु १६,४८,२९,६५२ मात्र ट्रान्सफर गरेको जनाइ बास्तवीक भन्दा रु ५,६४,९४,२७० घटी ट्रान्सफर गरेको छ । कोष तथा लेखा नियन्त्रक कार्यालय बाट प्राप्त विवरण अनुसार सँघिय सरकार शसर्त अनुदान रु १३,१२,०१,०८० प्राप्त भएकोमा सुत्रमा १७,०८,७३,५३० आम्दानी बाँधेकोमा ३,९६,७२,४५० बढी आम्दानी बाँधेको देखिन्छ । राजश्व बाँडफाट तर्फ गत वर्षको बैङ्क मौज्दात ६६६८०१३.२७ रहेको र यस वर्ष ४९०४८२५९.३८ आम्दानी भएकोमा सोही बमोजिम प्रविष्टी गर्नुपर्नेमा सुत्रमा गत बर्षको मौज्दात रकम समेत ५५७१६२७२.६५ यस बर्ष प्राप्ती भएको भनी उल्लेख भएको छ । सुत्रको म.ले.प.फारम २७२ को अनुसुची २४ बैङ्क तथा नगद बाँकीमा बैङ्क कारोबारमा भिन्नता (राजश्व खाता र सञ्चित कोष खाता) मा (१६४२६७५६१.४९) र बैङ्क कारोबारमा भिन्नता (सञ्चितकोष खाता र खर्च खातामा) रु ३,२७,३६,३५५.६२ रहेको छ । अनुदान निकासा बमोजिमनै सुत्रमा प्रविष्ट गर्नुपर्नेमा सो नगरेकोले सुत्रअनुसार बैङ्क तथा नगद बाँकीले आर्थिक अवस्थाको यर्थाथ चित्रण गर्दैन । गाँउपालिकाको आन्तरीक लेखापरीक्षण नभएकोमा पेश गरेको एकिकृत आर्थिक विवरणलाइ आधारमानी लेखापरीक्षण सम्पन्न गरीएको छ । **घ.** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाँउपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा पूर्ण रुपमा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४.२</td><td></td><td></td><td>एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक बर्षको अन्तमा स्थानीय तहको संचितकोषमा स्थानान्तरण गर्नुपर्नेमा आर्थिक बर्ष समाप्त पश्चात पनि चालु खर्च खातामा रु ७,६८,६७,४२८.११ पुँजिगतमा १०,२२,९९,१३०.६३ प्रकोप व्यवस्थापन कोषमा ३१०७७४३.५, आन्तरीक अनुदान खातामा १०,९४,२४,४१८, आन्तरीक राजश्व खातामा २३,५१,०१४.३२ गरी रु २९,४०,४९,७३४.५९ मौज्दात रहेको पाइयो । गाँउपालिकाले मिति २०७८।६।३१ मा उक्त रकम संचितकोषमा स्थानान्तरण गरेको छ । तोकिएको समयमा सो रकम संचितकोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.३</td><td></td><td></td><td>घटी जिम्मेबारी - गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार संचितकोष, चालु, पुँजीगत, राजश्व बाँडफाड, आन्तरीक अनुदान खाता, विभाज्य कोष खाता सहित रु २१,९७,१०,३१५.१५ रकम जिम्मेवारी सार्नुपर्नेमा मलेप फारम २७२ को अनुसुची १० सँचितकोषको अवस्थामा रु. २०,२३,२८,५०२.९४ जिम्मेवारी सारेको देखिन्छ । सुत्रमा लेखापरीक्षण प्रतिवेदन भन्दा रु. १,७३,८१,८१२.२१ घटी जिम्मेवारी सारेको पाइयो । कार्यालयले लेखापरीक्षण प्रतिवेदन बमोजिमको गत बर्षको जिम्मेवारी रकम उल्लेख गरी एकीकृत आर्थिक विवरण तयार गरी पेश गरेको छ । गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार धरौटी बैङ्क मौज्दात रु ५२६६९० रहेकोमा यस बर्ष ४९५४१८ जिम्मेवारी सारेकोमा ३१२७२ घटी जिम्मेवारी सारेको छ । साथै प्रकोप व्यवस्थापन कोषमा ६३४८१२६ मौज्दात रहेकोमा यस वर्ष ५८००००० जिम्मेवारी सारेकोमा रु ५४८१२६ घटी सारेको छ । घटी जिम्मेवारी सम्वन्धमा थप छानवीन गरी यकीन गर्नुपर्ने जम्मा रु</td><td>१७,९६१,२१०.२१</td></tr>
<tr><td>५</td><td></td><td></td><td>बैक हिसाब मिलान नगरेको
स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएको छ । बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ ।
<table>
<tr><th></th><th>खाताको नाम</th><th>श्रेष्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेन्ट अनुसार बाँकी (असार ३१)</th><th>फरक</th></tr>
<tr><td>१</td><td>सँचितकोष खाता</td><td>७०६१८१९३.५४</td><td>११८९१२२८.५२</td><td>(५०७२६९६५.०२)</td></tr>
<tr><td>२</td><td>चालु खर्च खाता</td><td>४४२९७४४४.९२</td><td>८२०८२४७४.११</td><td>३७७८५०२९.१९</td></tr>
</table></td><td></td></tr>
</table>

 https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

३	पुजीगत खर्च खाता	७०९९३८०८.६३	११०२८९१६४.६३	३९२९५३५६
४	आन्तरिक राजस्व खाता	०	२३५१०१४.३२	२३५१०१४.३२
५	राजस्व बाँडफाँड खाता	०	६६६८०१३.२७	६६६८०१३.२७
६	प्रकोप व्यवस्थापन कोष खाता	२८५६०७९.५३	३१०७७४३.५३	२५१६६४
७	धरौटी खाता	५१७३९६	५४८२७४	३०८७८
८	अन्तरिक अनुदान खाता	९८७७३४०७	१०९४२४४१८	१०६५१०११
९	कर्मचरी कल्याण कोष	०	६००००००	६००००००
			जम्मा	५२३०६०००.७६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६			**आन्तरिक लेखापरीक्षण** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ माकार्यालय प्रमुखले राजश्व, धरौटी तथा बिनियोजतर्फको आन्तरिक लेखापरीक्षण गराईदेखिएको बेरुजु फछ्र्यौट गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी लेखापरीक्षण गराउनु पर्नेमा गठन गरेको छैन । कार्यालयले अन्तर सरकारी अख्तीयारी तर्फको सामाजिक सुरक्षा एकिकृत स्वास्थ्य पूर्वाधार विकास, गरिबसंग विशेश्वर कार्यक्रम तथा स्थानीय पूर्वाधार साझेदार कार्यक्रमको मात्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गराई प्रतिवेदन पेश गरेको छ । लेखापरीक्षण योजना बमोजिम नमूना छनौट गरी लेखापरीक्षण गरेको हुँदा स्रेस्ताको जोड जम्मा तर्फ कार्यालयको जोड जम्मालाई नै आधार मानिएको छ । वित्तिय समानिकरण, शसर्त, राजश्व बाँडफाँड लगायत सबै कारोवारको चौमासिकरुपमा आन्तरिक लेखापरीक्षण नगरेको कारण आन्तरिक नियन्त्रण कमजोर हुने र श्रेस्तामा रहेको कमी कमजोरी समयमै सुधार गर्न नसकिने हुनाले आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउन अन्तरीक लेखापरीक्षण गर्नुपर्दछ । अतः ऐन नियमको व्यवस्था अनुसार चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आर्थिक कारोवारलाई नियमित र पारदर्शी बनाउनु पर्दछ ।	
७			**अनुदान फिर्ता** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं. १०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार सशर्त अनुदानको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेमा संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएको छ । खर्च नभई बाँकी रहेको रकम सम्बन्धित संचित कोषमा फिर्ता दाखिला गर्नुपर्ने रु.	१४,०२८,१६०

शिर्षक	निकासा रकम	खर्च	फिर्ता रकम	घटी फिर्ता
संघीय शसर्त	१३१२०१०८०	८०५८६६६८.४९	४०७८६२५१.५१	९८२८१६०
संघीय विशेष	१००००००००	११६५२१९.०८	४६,३४,७८०.९२	४२००००
जम्मा				१४०२८१६०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८			**बजेट तथा कार्यक्रम**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८.१			**बजेट पेश, पारित र अख्तियारी -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस गाँउपालिकामा उपाध्यक्ष श्री तिर्थमाया खत्वे ले मिति २०७७।०३।०९ गते रु. ३१ करोड २२ लाख १५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।०३।९ मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले २०७७।५।१२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । ऐनको व्यवस्था विपरीत ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्नेमा सो गरेको पाइएन ।	
८.२			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम गाँउपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन भए नभएको समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र गाँउपालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्नेमा सो अनुसार गरेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८.३			**क्षेत्रगत बजेट तथा खर्च** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्चगर्नुपर्ने हुन्छ । यस गाँउपालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।	

मुख्य क्षेत्र	**बिनियोजन**	**खर्च रकम**	**बिनियोजनको तुलनामा खर्च प्रतिशत**
आर्थिक विकास	२१६०००००	२६८७६२०	१२.४४
सामाजिक विकास	१७२९८२२००	९२३२९४७२	५३.३८
पूर्वाधार विकास	१४७४७१८१४	३३१९५५४३	२२.५१
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	८२९९५१६४	६६१८१९७०	७९.७३
कार्यालय सञ्चालन तथा प्रशासनिक	६३४४५०००	४०२६९४८०	६३.४७

उल्लेखित तालिका अनुसार आर्थिक विकास, पूर्वाधार विकास र सामाजिक विकास तर्फ बजेटको तुलनामा न्यून खर्च भएको छ । वास्तवीक र यथार्थपरक बजेट तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८.४			**चौमासीक खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगती विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार पुँजीगत तर्फ प्रथम चौमासिकमा १८.६८ प्रतिशत, दोश्रो चौमासिकमा १२.१५ प्रतिशत र तेश्रो चौमासिकमा ६९.१७ प्रतिशत खर्च गरेको र आषाढ महिनामा मात्र कुल खर्चको ४२.४६ प्रतिशत खर्च गरेको छ । वर्षको अन्तमा आएर बढी खर्च गरेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । पूर्वाधार निर्माण कार्यको गुणस्तरियता सुनिश्चित गर्न आषाढमा अधिक खर्च गर्ने प्रवृतिमा सुधार गरिनुपर्दछ ।	

पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च			आषाढ महिनाको मात्र खर्च
		प्रथम	दोस्रो	तेस्रो	
नगरपालिका पूँजीगत	४२१७१३८४	९४६२५०६	६१६२७१२	२६५४६१६६	१५४७४४३४
संघिय पूँजीगत	८५१८४५७.०८	०	०	८५१८४५७.०८	६०४९९८८.०८
प्रदेश पूँजिगत	०	०	०	०	०
कूल खर्च:	५०६८९८४१.०८	९४६२५०६	६१६२७१२	३५०६४६२३.०८	२१५२४४२२.०८
खर्च प्रतिशत		१८.६८	१२.१५	६९.१७	४२.४६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९			**आन्तरिक नियन्त्रण प्रणाली** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।	
९.१			• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • गाँउपालिकाले एक आर्थिक वर्षमा्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • गाँउपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाँउपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमके मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाँउपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा गाँउपालिकाले उक्त समिति गठन गरेको पाईएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो । • गाँउपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाइएन । साथै भुक्तानीमा ETDS समेत गरेको छैन । • कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै गँउपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार गाँउपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • गाँउपालिकाले कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन । तसर्थ गाँउपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
९.२			**आर्थिक कारोबारको लेखाङ्कन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NEPSASअनुसार प्रतिवेदन गर्नु पर्दछ । स्विकृत लेखा ढाँचामा देहायको बिबरण समेत अभिलेखमा आउने गरी म.ले.प. फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन । गाँउपालिकाले बैक हिसाब मिलान बिबरण २१२, भुक्तानी दिन बाकी चेकको बिबरण-२२०, प्राप्त रकमको मास्केवारी-२२२,सन्तुलन परिक्षण-२२५, बजेट रकमान्तर/कार्यक्रम संसोधनको बिबरण-३०४, बस्तु तथा निर्माणको खरिद योजना-३११, परामर्श सेवाको खरिद योजना-३१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता-४१५, घर जग्गाको लगत किताब-४१७, आइटमवाइज कार्य अभिलेख खाता-५०५, ठेक्कासँग सम्बन्धित गोश्वारा लगत-५०७, बेरुजु लगत-८०१, सम्परीक्षण गोश्वारा अभिलेख-८०५, बिद्युतिय प्रणाली प्रयोगकर्ताको बिबरण,परिबर्तन र स्थगन अभिलेख-९०२, सवारी साधन र मेशिन प्रयोगको लगबुक-९०५, भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख ९०७, तयार गरेको देखिएन । स्विकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ ।	
१०			**खरिद व्यवस्थापन**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०.१			**खरिद गुरुयोजनाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ अनुसार १ बर्ष भन्दा बढी अवधिसम्म सञ्चालनहुने योजना वा आयोजनाको लागी बार्षिक १० करोड भन्दाबढी रकमको खरिदगर्नुपर्ने भएमा सम्बन्धित निकायले त्यस्तो योजना वा आयोजना वा खरिदको अवधिभरको लागि खरिद्गुरुयोजना र नियम ८ अनुसार बार्षिक १० लाख रुपैंया भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयारगर्दा आगामी आर्थिक बर्षमा गर्नेबार्षिक खरिदयोजना तयारगर्नुपर्ने व्यवस्था छ । यसरी खरिदयोजना तयारगर्दा कुनै योजनाको सम्पुर्णभाग तथा खण्ड खण्डगरी कुन काम उपभोक्ता समितिबाट र कुन काम अन्य प्रकृयाबाट गराउनेहो सो समेत छुट्याई सम्बन्धित निकायबाट निर्णय गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस आर्थिक बर्षमा सञ्चालित योजनाहरुको लागी नियमावलीले तोकेअनुसारको खरिदयोजना तयार गरेको छैन । योजनाले तोकेको समय भन्दा ढिलोगरी योजनाको कार्यान्वयन भएनभएको खरिद योजनामा समावेशनगरी कार्यान्वयन गरेनगरेको सम्बन्धमा एकिनगर्न सकिएन।जसलेगर्दा खर्चमा पारदर्शिता र मितव्ययिता हासिलगर्न नसकिने साथै खरिद व्यवस्थापन कार्यको प्रभावकारितामा असर पर्नजाने देखिन्छ । बार्षिक खरिदकार्य लाई प्रभावकारी, मितव्ययी रपारदर्शी बनाउनका लागी नियमावलीको परिकल्पना गरे बमोजिमको बार्षिक खरिद गुरुयोजना तयार गर्नेतर्फ कार्यालयको ध्यानाकर्षण हुनुपर्दछ ।	
१०.२			**निर्माण कार्यः**- सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययी, गुणस्तरीयता वा दिगोपना अभिबृद्धि हुने भएमा वा परियोजनाको मूख्य उदेश्य नै रोजगारीको श्रृजना गर्ने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिने उल्लेख छ । गाँउपालिकाले अधिकाँश योजनाहरू उपभोक्ता समिति मार्फत गराएको र ठेक्का प्रकृया नअपनाएको, उपभोक्ता समितिबाट निर्माण गरेको कार्यको गुणस्तर परीक्षण भएको पाईएन भने रोजगारी श्रृजना भएको समेत नदेखिएकोले ठेक्का प्रकृयाबाट प्रतिष्पर्धात्मक तरीकाले निर्माण कार्य गराउँदा मितव्ययी र गुणस्तरीय कार्य हुने र खर्चमा पारदर्शीता कायम हुन जाने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।	
१०.३			**गुणस्तर परीक्षणः**- सार्वजनिक खरिद नयमावली, २०६४ को नियम ९ को उप नियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण कार्य तथा सामाग्रीको गुणस्तर परीक्षण गरेको छैन । निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न कार्य गुणस्तरयुक्त छ भनी आश्वस्त हुन सक्ने अवस्था छैन । नियममा तोकिए अनुसार सबै निर्माण कार्यको गुणस्तर परीक्षण गर्नु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११			**कर्मचारी कल्याण कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीको सेवाशर्त सम्बन्धी कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृतिभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकासकोष स्थापना गर्नुपर्ने तथा स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने र सो अवकाश पश्चात उपलब्ध गराउने सुविध सोहि कोषबाट भुक्तानी दिनुपर्ने तथा उक्त कोषबाट अन्य प्रयोजनका लागि खर्च गर्न नमिल्ने व्यवस्था छ । गाँउपालिकाले उक्त व्यवस्था बमोजिम अवकास कोषको स्थापना तथा ऐनमा रहेको व्यवस्था बमोजिम १० प्रतिशत रकम कट्टा तथा जम्मा गरेको पाइएन । गाँउपालिकाले यस बर्ष न.पा. चालु सँघीय राजश्व बाँडफाँडबाट कर्मचारी कल्याण कोषमा २० लाख निकासा गरेको छ । उक्त कोषमा हाल सम्म ६० लाख रकम रहेकोमा कोषको संचालन सम्बन्धी गाँउपालिकाबाट कुनै कानूनको व्यवस्था भएको देखिएन । ऐनमा भएको व्यवस्था बमोजिमको कार्यविधि बनाइ १० प्रतिशत रकम कट्टा तथा जम्मा गरी खर्च गर्नुपर्दछ । कानूनको व्यवस्था नगरी गाँउपालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।	
१२			**संगठन तथा कर्मचारी ब्यवस्थापन**	
१२.१			**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । गाँउपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १९ जना र वडामा १० गरी २९ दरबन्दी स्वीकृत रहेको छ । लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ६ जना तथा विकास समिति तर्फबाट १ इन्जिनियर, ६ सहायक कर्मचारी, र ७ कार्यालय सहयोगी गरी १४ जना सहित २० जना मात्र कार्यरत रहेको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका १ शिक्षा अधिकृत, २ प्रशासनका अधिकृत, १ लेखा अधिकृत, आन्तरीक लेखापरीक्षक, महिला बिकास निरीक्षक लगायतका पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा गाँउपालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशिघ्र छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२.२			**तलबी प्रतिबेदन:** निजामती सेवा ऐन २०४९ को दफा ७ (ख) २ मा जिल्ला स्थित निजामती कर्मचारीको कोष तथा लेखा नियन्त्रक कार्यालय बाट तलबी प्रतिबेदन पारीत गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | गाँउपालिकाले यो बर्ष तलबी प्रतिबेदन पारित नगराई गाँउपालिका चालुको पारिश्रमिक कर्मचारी शिर्षकबाट रु. ८७,०८,४९४.७४ तथा संघीय सरकारबाट हस्तान्तरित चालुको शिक्षा तर्फ रु ३३९०६८०४ र स्वास्थ्य लागयत अन्य तर्फ रु १४९३३७४५.४९ गरी जम्मा रु ५७५४९०४४.२३ खर्च लेखेको पाइयो । तलबी प्रतिबेदन पारीत बेगर खर्च लेखेकोमा तलब तथा ग्रेड सम्बन्धमा यकिन हुने आधार रहेन । तलबी प्रतिबेदन पारीत नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन् सक्ने भएकोले तलबी प्रतिबेदन पारित गराएर तलब भत्ता खर्च गर्नुपर्ने देखिन्छ |	
१२.३			**कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । गाँउपालिकाले १ सब ई, १ कम्पयूटर अपरेटर, १ कानुनी सल्लाहकार, १ एम्बुलेन्स चालक, कार्यालय सहयोगी १० जना कर्मचारीहरु करारमा राखि रु. ३४७२०७२ खर्च लेखेको छ ।	
१३			**कानून निर्माण एवं कार्यान्वयन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । गाँउपालिकाले निर्माण तथा कार्यान्वयन गरेको ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड सम्बन्धि विवरण पेश नगरेकोले यस सम्बन्धि थप विश्लेषण गर्न सकिएन ।	
१४			**न्यायीक समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ४८ र यो बर्ष थप भएको ५७ गरी कुल १०५ विवाद दर्ता भएकोमा १ वटा मात्र फछ्र्यौट भई १०४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१५</td><td></td><td></td><td>जिन्सी
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४(३) मा जिन्सी मालसामान तथा तत्सम्बन्धि स्रेस्ता भण्डार शाखा प्रमुखको जिम्मामा रहने व्यवस्था छ । नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा बर्षमा कम्तिमा एक पटक आफैं वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा समिति गठन गरी निरीक्षण गरी महालेखापरीक्षक बाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने व्यवस्था छ । साथै नियम १०० मा गत आर्थिक बर्षको मौज्दात, चालू आर्थिक बर्षमा खरिद गरेको तथा हस्तान्तरण भई आएको कुल सम्पत्ति तथा जिन्सी मालसामानको परिमाण र मूल्य समेत खुलाई जिन्सी मालसामानको स्रेस्ता माहालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नु पर्ने उल्लेख छ । लेखापरीक्षणका क्रममा गाँउपालिकाको भण्डार शाखा प्रमुखलाई पटक पटक ताकेता गर्दा समेत उपस्थित नभएको तथा गाँउपालिकाको जिन्सी र भण्डार शाखामा रहेको एकिकृत मौज्दातको विवरण पेश गरेको छैन । कार्यालयले गत बर्ष मौज्दात रहेका र यस बर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गरेको भनी जनाएकोमा सो को प्रतिवेदन समेत पेश गरेको छैन । साथै नियमावलीमा रहेको व्यवस्था बमोजिम गाँउपालिकाले जिन्सी निरीक्षण गरी सो को प्रतिवेदन तयार गरेको छैन । जिन्सी मौज्दातको प्रतिवेदन तथा जिन्सी निरीक्षण प्रतिवेदन पेस नगर्नाले गाँउपालिकासँग उपलब्ध मालसामानको सम्बन्धमा यकिन गर्न सकिएन । गाँउपालिकाको जिन्सी शाखाप्रमुखलाई जिम्मेवार बनाई वडा कार्यालयमा रहेको जिन्सी सामानको अवस्था समेत निरीक्षण गरी जिन्सी मौज्दातको विवरण तयार गरी जिन्सी निरिक्षण प्रतिवेदन पेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>पेश्की बाँकी
आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । कार्यालयले निम्न कर्मचारी तथा उपभोक्ता समितिलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछर्यौट नभई वांकी रहेको देखियो । फछर्यौट गर्न वांकी रहेको पेश्की नियमानुसार फछर्यौट गर्नुपर्ने देखिएको रु.
<table>
<tr><th>सि.नं.</th><th>पेश्कीको विवरण</th><th>पेश्की लिनेको नाम</th><th>रकम</th><th></th></tr>
<tr><td>१</td><td>बिमा तथानवीकरण खर्च</td><td>विशेश्वरयादव</td><td>८००००</td><td></td></tr>
<tr><td>२</td><td>सवारी साधनमर्मत खर्च</td><td>विशेश्वरयादव</td><td>७००००</td><td></td></tr>
<tr><td>३</td><td>कोभिड १९लगायत विभिन्न महामारीजन्य रोगहरुको</td><td>राजेन्द्र प्रसाद सुनरैत</td><td>२५०००</td><td></td></tr>
</table></td><td>६,३२३,८४१</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय						बेरुजु रकम
					रोकथाम, नियन्त्रण तथा निगरानी					
				४	पोषणकार्यक्रम	राजेन्द्र प्रसाद सुनरैत	७४००००			
				५	उपचारकेन्द्रहरुमा आकस्मिक अवस्थामा औसधि एवं ल्याब सामाग्री ढुवानी, कार्यक्रम	जयनाथ यादव	४००००			
				६	विधालयमाकुष्ठरोगबारे जनचेतना तथा परिक्षण कार्यक्रम	जयनाथ यादव	३००००			
				७	आँखा, नाक, कान, घाटी तथा मुख स्वास्थ्यसम्वन्धि प्राथमिक उपचार बारे अभिमुखिकरण / तालिम	जयनाथ यादव	७००००			
				८	समुदायमाआधारित नवजात शिशु तथा बाल रोगको एकीकृत व्यवस्थापन	जयनाथ यादव	१०००००			
				९	पालिकास्तरमाखोप र सरसफाई प्रवद्धन कार्यक्रमको समिक्षा	जयनाथ यादव	१४००००			
				१०	पशुपंक्षीआदीबाट हुने विभिन्न सरुवारोग सम्बन्धिरोकथाम तथा नियन्त्रणका लागि सचेतना कार्यक्रम	जयनाथ यादव	२००००			
				११	स्वास्थ्यचौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन, सुद्रिढीकरण तथा समिक्षा	जयनाथ यादव	३५००००			
				१२	विविध खर्च	विरेन्द्र कुमार यादव	३२०७५			
				१३	प्रकोपव्यवस्थापन कोष	आनन्दकुमार यादब	७०००००			

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
			१४	कर्मचारीतालिम खर्च	इन्द्रनारायन गोइत	४०००००		
			१५	बहुक्षेत्रियपोषण सम्बन्धि कार्यक्रम	जयनाथ यादव	४३७०४९		
			१६	कुष्ठरोगकोविरामी, परिवार तथा छिमेकीको सम्पर्क परिक्षण तथा LPEP सेवाको विस्तार	राजेन्द्र प्रसाद सुनरैत	१०००००		
			१७	मलेरिया, डेंगु, कालाजार, स्क्रब टाइफस आदि किटजन्य रोगको डाटा भेरिफिकेशन	राजेन्द्र प्रसाद सुनरैत	१००००		
			१८	राष्ट्रियमहिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम	राजेन्द्र प्रसाद सुनरैत	१०५०००		
			१९	मातृ तथानवशिशु कार्यक्रम	राजेन्द्र प्रसाद सुनरैत	५००००		
			२०	बहुक्षेत्रीयपोषण कार्यक्रम	जयनाथ यादव	१३००००		
			२१	पुरस्कारवितरण	कपिलेश्वरयादब	२०००००		
			२२	शिक्षाशाखा व्यवस्थापन खर्च	कपिलेश्वरयादब	५००००		
			२३	विविध खर्च	कपिलेश्वरयादब	५००००		
			२४	शिक्षासमितिका बैठक तथा प्र अ बैठक	कपिलेश्वरयादब	१०००००		
			२५	बहुक्षेत्रियपोषण सम्बन्धि कार्यक्रम	रामअशिष यादव	१६९२५१		
			२६	बहुक्षेत्रियपोषण सम्बन्धि कार्यक्रम	मनोज कुमारयादब	१९५०००		
			२७	बहुक्षेत्रियपोषण सम्बन्धि कार्यक्रम	इन्द्रनारायन गोइत	१९५०००		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
			२८	बहुक्षेत्रियपोषण सम्बन्धि कार्यक्रम	कपिलेश्वरयादब	१०५०००	
			२९	बहुक्षेत्रियपोषण सम्बन्धि कार्यक्रम	जयनाथ यादव	१५९०००	
			३०	२५ प्रतिशतअनुदानमा फलफुल विरुवा विउ वितरण	बेचन यादव	४५००००	
			३१	बहुक्षेत्रियपोषण सम्बन्धि कार्यक्रम	बेचन यादव	१९५०००	
			३२	नयाँबहुउद्देश्यीय नर्सरी स्थापना	बेचन यादव	२०००००	
			३३	कृषि तथापशुपन्छी सम्वन्धि तथ्यांक अध्यावधिक कार्यक्रम	बेचन यादव	१०००००	
			३४	कृषक दर्ताव्यवस्थापन कार्यक्रम	बेचन यादव	३०००००	
			३५	वडा नँ ३ मा ट्रान्सफर्मर जडान	नेपाल विद्युत प्राधिकरण	१२९५१३	
			३६	बर्थिङ्ग सेन्टर व्यवस्थापन	स्वास्थ्य सँस्था तथा व्यवस्थापन समिति	९६९५३	
					जम्मा	६३२३८४१	
१७			**उपभोक्ता समिति मार्फत निर्माण** स्थानिय सरकार संचालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गाँउपालिकाले उपभोक्ता समिति गठन गरी कार्य गराउन सक्ने उल्लेख छ । गाँउपालिकाले यस बर्ष रु ३४५५०१६२ को ५१ वटा योजनाहरु उपभोक्ता समिति मार्फत निर्माण गरेको छ । उक्त योजनाहरु नमूना छनौट गरी परीक्षण गर्दा परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः- **क)** उपभोक्ता समिति गठन गर्दा गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको विषय त्यस्तो भेला हुने मितिले कम्तीमा सात दिन अगाबै सार्वजनिक गर्नुपर्नेमा सो को कार्यन्वयन आंशिकरुपमा गरेको छ ।				

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			ख) कार्यालयले आयोजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्नेमा गरेको छैन । **ग)** कतिपय अवस्थामाउपभोक्ता समितिले निर्माण व्यावसायी मार्फत कार्य गराएको, हेभि मेशीनरी औजारको प्रयोग गरेको कारण माथि उल्लेखित आधार र कारणबाट उपभोक्ता समितिमार्फत भएको निर्माण कार्य गुणस्तरिय छ, लागत प्रभाविछ, पारदर्शिता छ भन्न सकिने आधार देखिएन । **घ)** आयोजना कार्यान्वियनको लागि उपभोक्ता समिति र कार्यालयबीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो । **ङ)** कुनैपनि उपभोक्ता समितिसँग आयोजना कार्यान्वियनको लागि कार्यतालिका लिएको छैन । साथै सार्वजनिक खरिद नियमावलीको प्रतिकुल हुनेगरि समयमा काम नगर्ने उपभोक्ता समितिको म्यादथप गरेको छ । **च)** उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९ अनुसार कार्यलयले आयोजना कार्यसम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई विभिन्न तोकिएका विषयमा अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको छैन् । **छ)** कार्यालयले उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी गरेको छैन । सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको ढाँचा आंशिकरुपमा भरी राखेको छ । उपभोक्ता समितिले अनुसूचि ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने ब्यबस्था रहेता पनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन गरेकोमा प्रतिवेदनमा अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरेको छैन । **ज)** तीन लाख भन्दा बढी लागत भएका आयोजनाको अनुसूचि ५ बमोजिमको ढाँचामा सूचनापाटी आयोजना स्थलमा राख्नुपर्ने व्यवस्था भएपनि फिल्डमा निरीक्षण गर्दा सूचनापाटी नदेखिएको तर सूचनापाटीको लागि लागत अनुमानमा रकम उल्लेख गरी राख्ने गरेको कारण थप व्ययभार सिर्जना भएको तर पारदर्शिता प्रवर्धन भएको देखिएन । **झ)** उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य भएको छैन । **ञ)** उपभोक्ता समितिलाई कुनै पनि आयोजना हस्तान्तरण नभएको र उपभोक्ता समिति आफैंले मर्मत गरेको देखिएन । **ट)** उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नु पर्नेमा गरेको छैन ।जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुनसकेन ।रकम प्राप्त गर्नेको डोरहाजिर तथा अन्य खर्चको भर्पाइ गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट छैन । रकम प्राप्त गर्नेको फोन नं राखि पारदशिता प्रदर्शन गरेको छैन । **ठ)** उपभोक्ता समितिको वितीय प्रतिवेदनको ढाँचा राखेको छैन । आयोजनाको सूचना पाटी फिल्डमा रहेको छैन ।कार्यालयको प्रतिनिधिको रोहवरमाउपभोक्ताले खर्च सार्वजानिकीकरण गर्नु पर्नेमा अनुसूची (४) मात्र आंशिक भरेको छ । अनुसूचि (३) अनुसार उपभोक्ताको खर्च सार्वजनिक परीक्षण भएको छैन । जसले गर्दा उपभोक्ता मार्फत गरेको कार्य पारदर्शि, प्रतिष्पर्धि एवंगुणस्तरिय छ भन्न सकिने आधार देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			ड) उपभोक्ता समिति मार्फत कार्य गराउँदा मूल्य अभिवृद्धी कर योग्य सामानमा मूल्य अभिवृद्धी कर समेत थप गरी लागत अनुमान तयार तथा मूल्याङ्कन गरी भुक्तानी गर्ने गरेको छ । कार्यालयले जिल्ला दररेटको आधारमा मूल्य अभिवृद्धी कर थप गरी भुक्तानी गर्ने तर उपभोक्ता समितिले सामान खरिद गरेको विल पेश गर्दा मूल्याङ्कनमा दिइएको मूल्य भन्दा घटी सामान खरिदको विल र सोमा मूल्य अभिवृद्धी कर थप गरेको प्रमाण पेश गर्दा समेत पुरै मूल्य अभिवृद्धी कर भुक्तानी भएको छ । उपभोक्ता समितिले घटी मूल्यको सामान खरिद गरी मूल्य अभिवृद्धी कर तिरेकोमा कार्यालयले जिल्ला दरकै आधारमा मूल्याङ्कन गरी भुक्तानी गर्दा बढी मूल्य अभिवृद्धी कर भुक्तानी भएको छ । लेखापरीक्षणमा सिमित समयको कारण उपभोक्ता समितिलाई बढी मूल्य अभिवृद्धी कर भुक्तानी रकम यकिन गर्न सकिएन । यस सम्बन्धमा नगरपालिकालेनै छानविन गरी बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ । यस समबन्धि उपभोक्ता समितिले पेश गरेको विलका केही उदाहरण निम्नानुसार छनः	

सामानको विवरण	उपभोक्तालाई मूल्याङ्कन गर्दा दिएको मू.अ.कर	सामान खरिदमा तिरेको मू.अ.कर	फरक
इटा प्रति गोटा	२.०८	१.५६	०.५२
सिमेन्ट प्रति बोरा	१२१.५८	८४.५	३७.०५
डण्डी प्रति के.जी	११.५७	९.७५	१.८२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१८			**पुँजिगत तर्फ** **नर्मसको प्रयोगः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको अधारमा तयार गर्नु पर्ने व्यवस्था छ । गाउपालिकाको निर्माण कार्यको आफ्नो छुट्टै नम्स नभएको अवस्थामा कार्यालयले गर्ने निर्माण प्रकृतीसंग मिल्ने नेपाल सरकारवाट स्वीकृत नर्म्सको प्रयोग गर्नु पर्नेमा सडक र नाला निर्माणमा सडक विभागको नर्म्स प्रयोग गर्नु पर्नेमा सो नगरी अन्य निकायको नर्म्स प्रयोग गरेको पाइयो। कार्यालयले डोलीडारको नर्म्स अनुसार र सडक विभागको नर्म्स अनुसार दुवैको आधारमा दर विश्लेषण गरी मितव्ययीताको आधारमा कार्य गराउनु पर्नेमा दुवै नर्म्सको आधारमा दर विश्लेषण गरी बढि दरको आधारमा लागत अनुमान तथा मूल्याङ्कन गरी बढि दरवाट भुक्तानी दिएको पाइयो । यसले गर्दा सडक निर्माणमा PCC(1:2:4) र (1:1.5:3) मा देहाय बमोजिम सडक निर्माणका उपभोक्ता समितिलाइ देहाय बमोजिम बढि भुक्तानी हुन गएको छ । मितव्ययी तरीकाले कार्य नगराउनाले गाउपालिकालाइ देहाय बमोजिम थप व्ययभार परेको रु	१,३२१,७९९.०९

गो भौ नं र मिति	**योजनाको नाम**	**परिमाण**	**प्रति घमी**	**प्रति घमी**	**कूल बढि भुक्तानी**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
						भुक्तानी दिनु पर्ने दर	**भुक्तानी दर**			
			स्थानीय पूर्वाधार							
			५।३।२६	वडा नं ५ मनोज साहको घर देखि पोखरीसम्म ढलान(1:2:4)	११५.७२ घमी	१०७७७.५०	१२५७२.६०	२०७७२८.९७		
			११।३।२८	वडा नं ४ डिमनगोठ टोल यादवको घर देखि पोखरीसम्मको सडक(1:2:4)	१११.१५ घमी	१०७७७.५०	१२५७२.६०	१९९५२५.३६		
			संघीय सरकारवाट हस्तान्तरीत कार्यक्रम							
			१७।३।२८	वडा नं १ अधुरो भगवती मन्दीर देखि मुस्लीम टोल हु दै सिवमन्दीर सम्म सडक(1:2:4)	१०९.१३ घमी	१०७७७.५०	१२५७२.६०	१९५८९९.२६		
			१८।३।२८	वडा नं १ वि पी स्कुल देखि त्रिकोलसम्म सडक (1:2:4)	१४२.२० घमी	१०७७७.५०	१२५७२.६०	२५५२६३.२२		
			गाउ पालिका पूजिगत							
			५३।१०।६	वडा नं २ मा नाला निर्माण र आर सी सी ढलान (1:1.5:3)	३४.८५ घमी	११३४६.८२	१४६०१.६४	११३४३०.४७		

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
			७२।२।९	वडा नं ५ मा अधुरो कल्भर्ट (1:1.5:3)	६.५ घमी	११३४६.८२	१४६०१.६४	२११५६.३३		
			११५।३।२९	वडा नं ५ मा बद्री मण्डलको घर सम्मको सडक (1:2:4)	५०.८५ घमी	१०७७७.५०	१३९६८.४५	१६२२५९.८०		
			११६।३।२९	वडा नं ५ मा लवकानेतको घर सम्मको सडक (1:2:4)	५२.१९ घमी	१०७७७.५०	१३९६८.४५	१६६५३५.६८		
				जम्मा				१३२१७९९.०९		
१९			**उपभोक्ता मार्फत जटिल प्रकृतिको काम** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ ।गाउपालिकले वडा नं ५ मा ग्रामीण विद्युतीकरण अन्तरगत ट्रान्सफरमर खरिद र जडान लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराइ रु १६४७२९५।भुक्तानी दिएको छ ।उपभोक्ताको योगदान नहुने जटिल प्राविधिक पक्षसमावेश भएको सामान खरिद मात्र समावेश भएको कार्य उपभोक्ता समितिवाट गराउनु नियमसंगत देखिएन ।							
२०			**बढी दर** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको अधारमा तयार गर्नु पर्ने व्यवस्था छ ।जिल्ला दररेट निर्धारण समितिले यस जिल्लाको लागि यो बर्ष अदक्ष श्रमिकको ज्याला प्रति दिन रु ६०० निर्धारण गरिएको छ।गाउपालिकाले सोही दररेटको आधारमा लागत अनुमान तयारी तथा मूल्याङ्कन गर्नु पर्नेमा प्रतिदिन रु ६५० का दरले ज्याला राखि लागत अनुमान तथा मूल्याङ्कन गरेको छ । यसले गर्दा गाउपालिकावाट संचालित सवै योजनामा अदक्ष कामदारको ज्याला बापत बढि भुक्तानी भएको छ।बढि भुक्तानी भएको सम्वन्धमा गाउपालिकले सवै योजनाको छनाविन गरी असुल गर्नु पर्दछ ।लेखापरीक्षणको क्रममा नमुना छनौट गरीएका केही योजनाको केही आइटमको परीक्षण गर्दा देहाय बमोजिम बढि भुक्तानी भएको देखिएकोले बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु							३७१,६१३.०२

गो भौ नं र मिति	योजनाको नाम	आइटम	प्रति घमी बढि	बढि भुक्तानी रकम

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
						भुक्तानी दर			
			स्थानीय पूर्वाधार तर्फ						
			५।२०७८।३।२६	वडा नं ५मनोज साहको घर देखि पोखरी सम्मको सडक	११५.७२घमी (PCC1:2:4)	२१०.५०	२४३५९.०६		
			११।२०७८।३।२८	वडा नं ४ डिमन गोठटोल देखि पोखरी सम्मको सडक	१११.१५घमी (PCC1:2:4)	२१०.५०	२३३४७.०५		
			९।२०७८।३।२८	वडा नं २ मा रामटोल सडक निर्माण	७३५ घमी माटो फिलिङ	१२.५०	९१८७.५०		
			संघीय सरकारवाट हस्तान्तरित तर्फ						
			१७।२०७८।३।२८	वडा नं १ अधुरो भगवती मन्दीर देखि शिव मन्दीर सम्म सडक	२१७.५ घमी माटो फिलिङ	१२.५०	२७१८.७५		
			१७।२०७८।३।२८	वडा नं १ अधुरो भगवती मन्दीर देखि शिव मन्दीर सम्म सडक	१०९.१३घमी (PCC1:2:4)	२१०.५०	२२९७१.८६		
			१८।२०७८।३।२८	वडा नं १ वि पी स्कुल देखि त्रिकोलसम्म सडक	१४२.२०घमी (PCC1:2:4)	२१०.५०	२९९३३.१०		
			१८।२०७८।३।२८	वडा नं १ वि पी स्कुल देखि त्रिकोलसम्म सडक	४०९.०५ घमी माटो फिलिङ	१२.५०	५११३.१२		
			गाउपालिका पूजिगत						

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
			२८।२०७७।७।२४	वडा १ मा झमेलीको घरदेखि जमुवासम्मको सडक	१९९५ घमी माटो फिलिङ	१२.५०	२४९३७.५०		
			३४।२०७७।९।२१	वडा नं ५ मा उपेन्द्र मरीकको घरसम्मको सडक	६१५ घमी माटो फिलिङ	१२.५०	७६८७.५०		
			३५।२०७७।९।२१	वडा नं ४ मा विन्दी यादवको घर देखिको सडक	३८४ घमी माटो फिलिङ	१२.५०	४८३७.५०		
			४३।२०७७।९।२४	वडा नं २ मा स्कुल जाने सडक	१७५० घमी माटो फिलिङ	१२.५०	२१८७५.००		
			५३।२०७७।१०।६	वडा नं २ मा नाला निर्माण	३४.८५घमी (PCC1:2:4)	२१०.५०	७३३५.९२		
			५६।२०७७।१२।२३	वडा नं ५ मा मेन सडक निर्माण	५२१९.७५ घमी माटो फिलिङ	१२.५०	६५२४६.८७		
			७२।२०७८।२।९	वडा नं ५अधुरो कल्भर्ट	५१०.४० घमी माटो फिलिङ	१२.५०	६३८०.००		
			६५।२०७८।१।२६	वडा नं ५ मा अधिकलाल मण्डलको घरदेखिको सडक	१३०६ घमी माटो फिलिङ	१२.५०	१६३२५.००		
			६७।२०७८।१।२८	वडा नं २ सिमरा जानेवाटोको स्ल्याव निर्माण	३०.६८घमी (PCC1:1.5:3)	२१०.५०	६४५८.१४		
			६८।२०७८।१।२८	वडा नं १ मा मुल सडक देखि शोभाकान्तको घर सम्मको सडक	९६७.५० घमी माटो फिलिङ	१२.५०	१२०९३..७५		
			८३।२०७८।३।२१	वडा नं ३ मा रामदेवको घर देखिको	१३२२.७५ घमी	१२.५०	१६५३४.३७		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
				सडक	माटो फिलिङ			
			१०४।२०७८।३।२८	वडा नं ४ मा सुलोचन मलाहको घर देखिको सडक	१११९ घमी माटो फिलिङ	१२.५०	१३९८७.५०	
			११४।२०७८।३।२९	वडा नं ५ मा महन्थीरामको घर देखि बद्रीमण्डलको घर सम्मको सडक	५०.८५घमी (PCC1:2:4)	२१०.५०	१०७०३.९२	
			११५।२०७८।३।३०	वडा नं ५ मा डोमराही देखि लवकानेतको घर सम्मको सडक	५२.१९घमी (PCC1:2:4)	२१०.५०	१०९८५.९९	
			११९।२०७८।३।३०	वडा नं २ मा मूल सडक मर्मत	१९५६.६० घमी माटो फिलिङ	१२.५०	२४४५७.५०	
			१२०।२०७८।३।३०	वडा नं २ मा स्कुल जाने सडक मर्मत	३३०.८९ घमी माटो फिलिङ	१२.५०	४१३६.१२	
					जम्मा		३७१६१३.०२	
२१			**बढी दर** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको अधारमा तयार गर्नु पर्ने व्यवस्था छ । गाउपालिकाले सोही आधारमा तयार गरेको दर विश्लेषणमा फर्माको दर प्रति बर्गमिटर ९३२.९८ रहेकोमा कार्यालयले गो भौ नं ५३।२०७७।१०।२६ वाट बडा नं २ मा नालामा आर सी सी ढलान गर्न ३४० बर्ग मिटर फर्माको लागि प्रति वर्गमिटर १४७८.५७ ले लागत अनुमान अनुमान तयार गरी सोही आधारमा मूल्याङ्कन गरी भुक्तानी गर्नाले प्रति घन मिटर रु ५४५.५९ ले ३४० वर्गमिटरको १८५५००.६० बढि भुक्तानी भएको छ । दर विश्लेषण भन्दा बढि दरवाट भुक्तानी भएको रकम असुल हुनु पर्ने					१८५,५००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२२			**बढि भुक्तानी** कार्यालयले कामको नाप जाँचको आधारमा वास्तविक कार्य भन्दा बढि नहुने गरी भुक्तानी गर्नुपर्दछ ।गाउपालिकाले वडा नं ५ मा मेन सडकमा ११८७ मिटर माटो भरी ग्राभेल गर्ने कार्यकोलागि माटो ५२१९.७५ घनमिटर र ग्राभेल ९४१ घनमिटर प्रयोग गरेको भनी रु ४९९१७४२। को मूल्याङ्कनमा उपभोक्ता समितिको योगदान कटाइ रु ३८७९९९७। भुक्तानी गरेको छ ।लेखापरीक्षणको क्रममा गाउपालिकाको प्रविधिक सहित स्थलगत निरीक्षण गरी नापजाँच गर्दा सडक १००० मिटर मात्र निर्माण भएको देखियो । वास्तविक कार्य भन्दा ८७ मिटर बढि नाप जाँच गरी भुक्तानी भएको छ ।बढि नापजाँच भएको ८७ मिटरको माटो तर्फ ८ मि चौडाइ र औषतमा ०.४ मिटर उचाइले २७८.४ घनमिटर माटो र ८७ मिटर लम्वाइ ६ मिटर चडाइ र औषतमा ०.१५ मिटरको उचाइले ७८.३ घनमिटर ग्राभेलको बढि भुक्तानी भएको देखियो ।बढि भुक्तानी भएको माटोको प्रति घनमिटर रु ४७४.५० ले २७८.४ घनमिटरको रु १३२१००.८० र प्रति घनमिटर ग्राभेलको रु २६७१.६७ ले ७८.३ घनमिटरको रु २०९१९१.७६ समेत जम्मा रु ३४१२९२.५६ उपभोक्ता समितिवाट असुल गर्नुपर्ने रु	३४१,२९२
२३			**दर विश्लेषण भन्दा बढी भुक्तानी** गाउपालिकाले निर्माण कार्यको भुक्तानी गर्दा स्वीकृत दर विश्लेषणको आधारमा हुने दर बमोजिम भुक्तानी गर्नु पर्दछ ।तर गो भौ नं १००।२०७८।३।२३ वाट सिविकी हाजी कवरगाह निर्माण गर्दा दर विश्लेषण अनुसार माटो फिलिङ प्रति घनमिटर रु ४८७ ले गर्नु पर्नेमा प्रति घनमिटर रु १२५७२.६० ले भुक्तानी भएवाट ३ घनमिटरमा ३६३०० बढि भुक्तानी भएको छ। बढि भुक्तानी भएको रकम उपभोक्ता समितिवाट असुल गर्नुपर्ने रु	३६,३००
२४			**परीमाण फरक पारी भुक्तानी** कार्यालयले कामको नाप जाँचको आधारमा वास्तविक कार्य भन्दा बढि नहुने गरी भुक्तानी गर्नुपर्दछ । गाउपालिकाले वडा नं ५ को मेन सडकमा १००० मिटरमा माटो भर्ने काम गराउदा औषतमा ८ मिटर चौडाइमा माटो राखेको भनी नापी गरेको छ । उक्त कार्यको लेखापरीक्षणको क्रममा स्थलगत अनुगमन गर्दा माटो राख्नेकार्य बेसमा ८ मिटर चौडाइमा भएतापनि ०.४० मिटर उचाइमा स्लोप हुनेहुदा माटो फिलिङको माथिल्लो भाग औषतमा ६ मिटर चौडाइमा मात्र भएको देखिन्छ ।माटो फिलिङलाइ औषतमा लिदा चौडाइ १ मिटरले कम हुने देखिन्छ ।तसर्थ १००० मिटरमा ०.४० मिटरको उचाइले ४०० घनमिटर माटो फिलिङको बढि नापी गरी भुक्तानी गरेकोले प्रति घनमिटर रु ४७४.५० ले हुने रु १८९८००.०० असुल गर्नुपर्ने रु	१८९,८००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२५			**परामर्श खरिद** सार्वजनिक खरिद नियमावली २०६४ को परिच्छेद ६ मा परामर्श सेवा खरिद सम्बन्धि व्यवस्था गरिएको छ । गाउपालिकाले १५शैया अस्पताल निर्माण निर्माणको डि पि आर तयार गर्न परामर्शदाता एपोलो इन्जिनियरिङ छनौट गरी रु १६८३७००।भुक्तानी गरेको छ । परामर्श सेवाको लागि लागत अनुदान तयार गर्दा लाग्ने आवश्यक जनशक्ति निर्धारण सहितको स्वीकृत नर्म्स लेखापरीक्षण पेश भएन । यसले गर्दा कार्यालयबाट स्वीकृत लागत अनुमान यथार्थपरक देखिएन । तसर्थ लागत अनुमान यथार्थपरक नहुदा खरिद कार्य मितव्ययी भएको छ भनी यकिन गर्न सकिएन साथै प्राप्त डिपिआर रिर्पोट कार्यालयको जिन्सी खातामा दाखिला हुनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६			**अमानतबाट कार्य** सार्वजनीक खरिद नियमावली, २०६४ को नियम ९८ मा सार्वजनिक निकायले १ लाख रुपैयामा नढाइ अमानतबाट काम गराउन सक्ने उल्लेख छ । गाँउपालिका अन्तर्गत विभिन्न वडामा सडक मर्मत कार्यको लागि निम्नानुसारको वडा सचिवबाटविभिन्न भौचरबाट तोकिएको सिमा भन्दा बढीको अमानतबाट काम गराइ भुक्तानी भएको छ । उक्त योजनाहरुको अनुगमन प्रतिवेदन समावेस नभएको, फोटो नरहेको, माटो तथा ग्रेभल खरिदको स्पष्ट परिमाण खुल्ने विल भर्पाइ सँलग्न नहेकोमा मूल्याङ्कन अनुसारको काम भएको सम्बन्धमा विश्वस्त हुने आधार रहेन । नियमावलीको प्रावधान विपरीत योजना टुक्रा गरी चालु खर्च शिर्षकबाट अमानतबाट काम गराइ भुक्तानी गरेको अनियमित देखिएको रु.	१,०६५,२०७

भौचर/मिति	वडा नं	विवरण	भुक्तानी पाउने	रकम
गापा चालु तर्फ				
९७-७/१७	५	विभिन्न ठाँउमा माटो ग्रेभल	राम नारायण मैरता	३८६५५२
४२८-३/२९	५	माटो ग्रेभल	राम नारायण मैरता	९६९७९
१०२-७/२३	४	विभिन्न ठाँउमा माटो ग्रेभल	गिरीन्द्र कुमार लगरवार	१९३७७६
४१-६/२६	३	सडक मर्मत	राम अशिष यादव	९६९५३
४०-६/२६	३	सडक मर्मत	राम अशिष यादव	९६९५३
१३-६/६	२	सडक मर्मत	विरेन्द्र कुमार यादव	१९३९९४
जम्मा				१०६५२०७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७			**श्रेष्ता पेश नभएको** आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन २०७६ को दफा ३६ मा लेखापरीक्षणको सिलसिलामा लेखापरीक्षकवाट माग गरिएको लेखा तथा विवरण समयमा पेश गर्नु सम्वन्धित पदाधिकारी वा कर्मचारीको कर्तव्य हुने उल्लेख छ ।गाउपालिकाले देहायका विधालय भवन निर्माणको प्रथम विलको रकम भुक्तानी भएकोमा लागत अनुमान ,बोलपत्र सम्वन्धी कागजात माग गर्दा लेखापरीक्षणमा उपलव्ध हुन सकेन ।बोलपत्र सम्वन्धी कागजातको अभावमा दिएको भुक्तानी ठिक छ भनी लेखपरीक्षणवाट यकीन हुन सकेन ।लागत अनुमान,बोलपत्र सम्वन्धी कागजात, बोलपत्र मूल्याङ्कन र ठेक्का सम्झौता लगायतका कागजात पेश हुनुपर्ने रु	१,१६५,२१९.०८

गो भौ नं र मिति	विधालयको नाम	निर्माण व्यवसायीको नाम	भुक्तानी रकम
१५।२०७८।३।२६	सरस्वती मा वि लोहजरा	रितु एण्ड रोहन कन्सट्रक्सन	२७५५१२.९८
१६।२०७८।३।२६	रा प्रा वि बडहरा	रितु एण्ड रोहन कन्सट्रक्सन	८८९७०६.१०
	जम्मा		११६५२१९.०८

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८</td><td></td><td></td><td>
गाँउपालिका चालु तर्फ
विल भर्पाइ बेगरः आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्चको बिल भर्पाइ सहितको लेखा राख्नु पर्ने उल्लेख छ । साथै कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । कार्यालयको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको भौचार साथ विल भर्पाइ लागायत खर्च पुष्टी हुने आवश्यक प्रमाण कागजात सँलग्न रहेको पाइएन । विल भर्पाइ लागायत खर्च पुष्टी हुने आवश्यक प्रमाण कागजात पेश गर्नुपर्ने रु
<table>
<tr><th>भौचर/मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>४३१-३/३०</td><td>मोटरसाइकल मर्मत वापत सोनु मोटरसाइकल वर्कसपलाइ भुक्तानी</td><td>२०३७०</td></tr>
<tr><td>३१७-१/२२</td><td>मधेस टाइम्सलाइ भुक्तानी</td><td>२८७००</td></tr>
<tr><td>२८८-१/१३</td><td>विशेश्वर यादवलाइ भुक्तानी</td><td>४०२५</td></tr>
<tr><td>१८८-९/२१</td><td>भागो देवी मण्डललाइ का. देखि पौष सम्मको ज्याला भुक्तानीम डोरहाजिर पेश नभएको</td><td>२४०००</td></tr>
<tr><td>९२-७/६</td><td>नटखट दैनिकलाइ भुक्तानी</td><td>२४६२५</td></tr>
<tr><td>२९-६/१९</td><td>राम अशिष साहलाइ घर भाडा भुक्तानी</td><td>४८६०</td></tr>
<tr><td>४३४-३/३०</td><td>वडा न २ को लागि खेलकुद सामाग्री खरीद भएकोमा प्रयोग तथा वितरणको प्रमाण पेश नभएको</td><td>२९९९९९</td></tr>
<tr><td>४२-६/२६</td><td>भान्से वापत भागो देवी मण्डललाइ ज्यालादारी भुक्तानी भएकोमा डोर हाजिर पेश नभएको</td><td>२४०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४३०५७९</td></tr>
</table>
</td><td>४३०,५७९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२९</td><td></td><td></td><td>गाडी भाडा
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बिल भर्पाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । गाँउपालिकाले विभिन्न मितिमा सम्झौता बेगर निम्नानुसारको गाडी धनीसँग गाडी भाडा लिई भुक्तानी गरेको छ । सम्झौता बेगर गाडी भाडा लिइ भुक्तानी गरेकोमा गाडी प्रयोग भएको स्थान, मिति तथा खर्च जनिने प्रमाण सँलग्न गरेको छैन । निम्नानुसारको गाडी प्रयोग भएको अविध, प्रयोगकर्ता खुलाइ सम्झौता बेगर भुक्तानी भएको नियमित गर्नुपर्ने रु
<table>
<tr><th>भौचर/मिति</th><th>गाडी धनी</th><th>रकम</th></tr>
<tr><td>४६-६/२८</td><td>मो हरुन मिँया</td><td>८७०००</td></tr>
<tr><td>३३८-२/१६</td><td>जय नारायण साह</td><td>५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१३७०००</td></tr>
</table></td><td>१३७,०००</td></tr>
<tr><td>३०</td><td>४१२</td><td>२०७८-३-२६</td><td>मोबाइल खरिद
गाँउपालिकाले रु ६० हजार बराबरको २ थान मोवाइल खरिद गरेकोमा उक्त मोबाइलको स्पेशिफिकेसन खुलाएको छैन । साथै सहायक जिन्सी किताबमा उक्त मोबाइल कसलाइ बुझाएको खुलेको छैन । सहायक जिन्सी खाता समेत अध्यावधिक गरेको छैन । मोबाइल खरिद गर्नु मिल्ने कानूनी आधार र वितरणको भर्पाई पेश गर्नुपर्ने रु</td><td>६०,०००</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>भ्रमण खर्च</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१.१</td><td></td><td></td><td>कार्यलयमा हाजिर भएका कर्मचारीलाई भ्रमण खर्च : भ्रमण खर्च नियमावली ,२०६४ अनुसार भ्रमणमा गई सोहि दिन कार्यालयमा फर्किने नसक्ने दुरि भ्रमण गर्दा मात्र भ्रमण खर्च पाउने व्यवस्था छ | गाँउपालिकाले निम्नानुसारका कर्मचारीलाइ कार्यलयमा हाजिर भई उपस्थित रहेको अवस्थामा समेत भ्रमण खर्च भुक्तानी दिएको पाइयो | कार्यालयमा हाजिर भएको अवस्थामा भ्रमण खर्च नमिल्ने हुदा भुक्तानी भएको रकम असुल गरि संचितकोष दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>भौचर/मिति</th><th>नाम</th><th>अवधि</th><th>रकम</th></tr>
<tr><td rowspan="2">२२१-१०/१२</td><td>राजेन्द्र प्रसाद सुनरैत</td><td>५/१०-५/१२, ४/१५-४/१७, ६/१-६/३</td><td>६०००</td></tr>
<tr><td>जयनाथ यादव</td><td>६/१-६/३, ६/१८-६/२०, ४/१-४/३, ५/६-५/८, ५/१५-५/१८</td><td>१००००</td></tr>
<tr><td>२४४-१०/१६</td><td>विशेश्वर यादव</td><td>४/७-४/१०, ८/३-८/५, ७/१२-७/१४</td><td>८०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२४०००</td></tr>
</table></td><td>२४,०००</td></tr>
<tr><td>३१.२</td><td></td><td></td><td>भ्रमण प्रतिवेदनः भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसुची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनिय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्थासमेत गर्नुपर्नेछ भन्ने व्यवस्था गरेको छ । तर कार्यालयले भ्रमण अभिलेख राखेको पाइएन । यसैगरी भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपश्चाप नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको विल भरी भ्रमण प्रतिवेदन साथ आवश्यक विल भर्पाइ सम्बन्धित कार्यालयमा पेश भएपश्चात मात्र रकम भुक्तानी हुने व्यवस्था छ । तर भ्रमण प्रतिवेदन कार्यालयमा पेश नगरी अधिकांश दैनिक भत्ता तथा भ्रमण खर्च वापतको रकम भुक्तानी भएको पाइयो । यसरी नियमावलीमा रहेको व्यवस्था विपरित भ्रमण प्रतिवेदन बेगर भ्रमण खर्च भुक्तानी भएकोमा भ्रमणको उदेश्य पुरा भएको हो भनी विश्वस्त हुने आधार रहेन । तोकिएको ढाँचामा भ्रमण प्रतिवेदन पेश गरे पश्चात मात्र भ्रमण खर्च भुक्तानी गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२	१७२	२०७७-९-१५	**नर्मस भन्दा बढी भुक्तानी** प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम जिल्ला तथा स्थनीय स्तरमा सँचालन हुने तालिममा सहभागीहरुको आते जाते खर्च प्रचलित दररेट अनुसार यातायात वापतको भाडा उपलब्ध गराउने उल्लेख छ । साथै तालिम केन्द्र बाहेक सार्वजनिक निकाय बाट जिल्ला तथा स्थानीय स्तरमा सँचालित सबै प्रकार तालिमका प्रशिक्षकलाइ कार्यपत्र वापत रु १००० र कक्षा सँचालनमा ८०० गरी १८०० उपलब्ध गराउने उल्लेख छ । विपद व्यवस्थापन कार्यक्रम अन्तर्गत २०७७/३/२६ देखि ३/२८ सम्म ३ दिने तालिम सँचालन गरे वापत मिलन नेपाल नामक गैर सरकारी सँस्थालाइ ५ लाख भुक्तानी भएको छ । उक्त तालिम कार्यक्रमको लागत अनुमान तयार नभएको तथा पेश भएको विल भर्पाइको आधारमा भुक्तानी भएकोमा निम्नानुसारको कार्यमा निर्देशिकाले तोकेको दर भन्दा बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु	१४३,५५०

खर्च शिर्षक	**खर्च रकम**	**विवरण**	**रकम**
यातायात खर्च	१९३५००	गाँउपालिका अन्तर्गतका ४३ जना सहभागीलाइ ३ दिनको यातायात खर्च वापत आते जाते अधिक्तम १००० का दरले १२९००० खर्च लेख्नुपर्नेमा १५०० का दरले १९३५०० भुक्तानी भएको छ ।	६४५००
प्रशिक्षक भत्ता	१२००००	५ जना प्रशिक्षकलाइ दैनिक ८००० को दरले भुक्तानी भएको छ । दैनिक अधिकत कक्षा अवधि (८ घण्टा) मा उक्त प्रशिक्षकले न्यूनतम १.५ घण्टाको दरले कक्षा लिदा बढीमा १ कक्षा लिन सक्ने देखिएकोले प्रति कक्षा १८०० को दरले ३ दिनको अधिक्तम २७००० हुनेमा ९३००० बढी खर्च भएको छ ।	७९०५०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३३	३६९	२०७८-३-१७	**मोनिटरीङ्ग एण्ड सपोर्ट चार्ज** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बिल भर्पाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । गाँउपालिका तथा वडा कार्यलाय गरी ५ स्थानमा नेट जडान वापत कनेक्ट नेपाल नेटवर्कस प्रा.लि लाइ समझौता बेगर एक बर्षको रु ३७८००० भुक्तानी गरेकोमा मासिक इन्टरनेट सर्भिस वापत रु २६१७।४८ र मोनिटरीङ्ग एण्ड सपोर्ट चार्ज वापत रु २६१७।४८ को विल पेश भएको छ । इन्टरनेट सर्भिस रकम बराबरकै मोनिटरीङ्ग एण्ड सपोर्ट चार्ज रकमको विल पेश भएकोमा सो खर्च पुष्टी हुने प्रमाण कागजात बेगर भुक्तानी भएको छ । सम्झौता बेगर प्रचलित बजार दर भन्दा बढीको मोनिटरीङ्ग एण्ड सपोर्ट चार्ज वापतको खर्च भुक्तानी भएकोमा सो पुष्टी हुने प्रमाण कागजात पेश हुनुपर्ने रु	१८९,०००
३४			**पूँजीगत सम्पत्तिको संचालन र सम्भार खर्च**	
३४.१	३३९	२०७८-२-१६	**उपकरण मर्मतः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बिल भर्पाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । विभिन्न मितिमा गाँउपालिकाको कम्प्यूटर-९, ल्यापटप -४, प्रिन्टर-४, सि सि क्यामेरा -८ मर्मत गरेको भनि के पी कम्यूनिकेसनको ५ वटा विल सँलग्न गरी रु ८५००० भुक्तानी भएको छ । उक्त कार्यको मर्मत आदेश बेगर मर्मत खर्च लेखी भुक्तानी गरेकोमा के कुन मितिमा कुन उपकरण मर्मत गरेकोहो सो जनिने प्रमाण सँलग्न नगरी पेश भएको विलको आधारमा भुक्तानी भएको छ । आवश्यक प्रकृया पुरा नगरी मर्मत खर्च लेखेको नियमसँगत देखिदैन । उक्त खर्च पुष्टी हुने प्रमाण कागजात पेश हनुपर्ने रु	८५,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३४.२			**मेशीनरी औजार मर्मतः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ मा उपकरण वा पाटपूर्जा फेरबदल गर्नुपरेमा नियमावलीमा उल्लेख भएको प्रकृया अवलम्बन गरी त्यस्तो मालसामान वा उपकरण जिन्सी दाखिला गरी पाँच हजार भन्दा बढीको उपकरणको अधिलेख राख्नु पर्ने व्यवस्था छ । निम्नानुसारको भौचरबाट ल्यापटप, प्रिन्टर लागतयको मेशीनरी औजार मर्मत सँभार गरे वापत भुक्तानी भएकोमा मर्मत आदेश कार्यालय प्रमुखबाट स्वीकृत नभएको तथा नियमावलीको व्यवस्था बमोजिम जिन्सी दाखिला भएको पाइएन । साथै मर्मत बाहेक पेन्ड्राइभ, किबोर्ड, हार्डडीस्क, ड्रम लगायतका विभिन्न सामग्री सोही विलमा समावेश गरी खरिद गरेकोमा उक्त समाग्रीको खरिद आदेश तथा दाखिला बेगर भुक्तानी भएको छ । खरिद तथा मर्मत भएको सामाग्रीको जिन्सी दाखिला गरी प्रमाण पेश गर्नुपर्ने रु	२७०,४०९

भौचर नं/मिति	भुक्तानी पाउने	रकम	कैफियत
२९८-१/१५	ग्लोबल एँजल प्रा.लि.	९७७४५	सामान खरिद समेत
२९७-१/१५	पि.सी.क्लिनिक	१७२६६४	२ वटा टुक्रा विलबाट सामान खरिद समेत सोझै खरिद
	जम्मा	२७०४०९	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३४.३			**इन्धन खर्चः** महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत फारम नम्बर ९०५ मा इन्धन खपतको लगबुक राख्नुपर्ने व्यवस्था छ। गाँउपालिकाले यो वर्ष इन्धन कार्यालय प्रयोजन बाट रु १५४६३४९.४१ र इन्धन पदाधिकारी बाट रु ७४१५५० गरी रु २२८७८९९.४१ खर्च गरेको छ। सवारी लगबुकको प्रयोगले सवारी प्रयोग कर्ताको गन्तब्य स्थान, दुरी, समय र इन्धन खपत बीच सामानजस्यता एवम् मितव्ययीता कायम हुन्छ। गाँउपालिकाले निम्मनानुसारको भौचरबाट भुक्तानी गर्दा विवरण खुल्ने गरी लगबुक राख्नुपर्नेमा सो नराखेकोले कसलाई के प्रयोजनमा इन्धन दिएको हो खुल्न सकेन। सवारीलगबुक सहित खर्चको प्रमाण पेश गर्नुपर्ने रु. **भौचर नं/मिति** — **भुक्तानी पाउने** — **रकम** ४०९-०७७/३/२५ — मेसर्स किशोर एण्ड सन्स — १७२७३९ ४०८-०७७/३/२५ — मेसर्स किशोर एण्ड सन्स — १९४७११ ३२६-०७७/२/३ — मेसर्स किशोर एण्ड सन्स — २४८४३० २८६-०७७/१/१२ — मेसर्स किशोर एण्ड सन्स — २८९७६७ जम्मा — ९०५६४७	९०५,६४७
३४.४			**इन्धन पदाधिकारीः** स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धि ऐन, २०७७ को दफा ४ मा पदाधिकारीलाइ सवारी साधन उपलब्ध गराएकोमा त्यस्तो सवारी साधनलाइ अनुसुची बमोजिमको अध्यक्ष तथा उपाध्यक्षलाइ मासिक १०० लि. र वडा अध्यक्ष लाइ मासिक २५ लि. इन्धन उपलब्ध गारइने व्यवस्था छ। साथै सवारी साधन उपलब्ध नभएका पदाधिकारीलाइ अनुसुची बमोजिमको यातायात खर्च पाउने तर इन्धन खर्च नपाउने उल्लेख छ। यस गाँउपालिकाले इन्धन पदाधिकारी शिर्षकमा १० लाख बजेट विनियोजन गरी रु ७४१५५० को इन्धनको विल समावेश गरी खर्च गरेको छ। गाँउपालिकाबाट प्राप्त विवरण अनुसार अध्यक्षले एक गाडी र ३ मोटरसाइकल, उपाध्यक्षले १ मोटर साइकल (४ महिना), चार वडा अध्यक्षले १२ महिना र एक वडा अध्यक्षले ११ महिना मोटरसाइकल प्रयोग गरेकोमा अनुसुची बमोजिम अधिक्तम ३१७५ लिटरको प्रति लि. रु १३० को जम्मा रु ४१२७५० को इन्धनको भुक्तानी गर्न सकिने देखिन्छ। तोकिएको इन्धन कोटा भन्दा रु ३२८८०० बढी खर्च गरेको नियमसँगत देखिदैन। इन्धन खर्च कानुनले तोकिएको सिमा भन्दा बढी भुक्तानी नभएको सम्बन्धमा कुनै अभिलेख राखेको छैन। इन्धन खर्च बढी भुक्तानी नभएको प्रमाण पेश गर्नुपर्ने रु	३२८,८००

 https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३४.५			**सवारी मर्मतः** सवारी साधनको मर्मत गर्नुपरेमा मर्मत गर्नु पर्ने सवारी साधनको विवरण खुलाइ अनुमानीत लागत समेत समावेश गरी मर्मत आदेश माग गर्नुपर्ने तथा स्वीकृत मर्मत आदेशको आधारमा मात्र मर्मत कार्य गरी खरिद गरिएका तथा पुराना सामान स्टोर दाखीला गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले यस बर्ष सवारी मर्मत कार्यमा रु ७८१०९३ खर्च गरेको मर्मत सँभार तथा सँरक्षण अभिलेख खाता मलेप फारम ४१५ तयार गरेको छैन । निम्न भौचरबाट सवारी साधनको मर्मत वापत भुक्तानी गर्दा आवधिक र व्यवहारीक मर्मत खर्च मात्र समावेश गर्नुपर्नेमा कतिपयमा मर्मत आदेश बेगर, जिन्सी दाखिला बेगर, सवारी प्रयोगकर्ता नखुलाइ एक एकमुष्ट बिस हजारको हाराहारीमा मर्मत विल समावेश गरी भुक्तानी भएको छ । यस्तो खर्चमा नियन्त्रण गरी प्रत्येक सवारी साधनको मर्मत सँभार तथा सँरक्षण अभिलेख खाता अध्यावधिक गर्नुपर्दछ । मर्मत आदेश बेगरको खर्च अनियमित देखिएको रु	७७,३७७

भौचर नं/मिति	सवारी साधन	रकम	कैफियत
४१६-३/२७	स १ ब ७०४	१८१५०	
३८३-३/२१	स १० प ३६४०	१९३२५	
३७४-३/२०	स १ ब १४२४	१९१५०	
३७१-२/३	स १ ब १४३२	१९६००	
३५७-३/१५	स १ ब १४३०	१९६५०	
१३८-८/२३	स १ ब ६६०	१९९००	
१३६-८/२२	स १ प ३३८८	१९५००	
१३५-८/२२	३१५७	१७१५०	
१३०-८/२२	स १ ब १४२५	१९५००	
११६-८/१६	स १ ब १४२४	१९४००	
१०४-७/२४	स १० प ५४८१	१८९८४	
९४-७/१७	स १ प १४२७	२८६२५	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
			७०-७/४	स १ त १४३३	३३१८०			
			५५-६/३०	स १ ब १४२८	२५३३०			
			३८०-३/२०	स्काभेटर	३४८३८	मर्मत आदेश बेगर		
			३१२-१/२२	सकोर्पियो	४२४९९			
३५			**आर्थिक सहायता** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष उद्दार, राहत तथा पुनर्स्थापना खर्च शिर्षक बाट ३ लाख आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।					
३६			**विविध खर्च**					
३६.१			**विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बिल भर्पाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । तर गाँउपालिकाले यस वर्ष अतिथि सत्कार शिर्षकबाट रु ९९१८७०, तथा विविध तर्फ रु १४४६९५२ गरी जम्मा रु २४३८८२२ विविधतर्फ खर्च गरेको छ । विविध खर्च गर्दा खर्चको विल भरपाई पेश भए भएतापनि कतिपय खर्चका विलभरपाई साथ सो कामसँग सम्बन्धित निर्णय सहितका पुष्टि हुने प्रमाण संलग्न गर्ने गरेको देखिएन । गाँउपालिकाले यस बर्ष प्राप्त भएको आन्तरीक राजश्व रकम भन्दा बढी विविध खर्च गरेको छ । विविध खर्चको स्पष्ट उद्देश्य र खर्चको यथार्थता प्रमाणित हुने प्रमाण समेत खर्च साथ राखेर खर्च गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।					

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६.२</td><td>२५९</td><td>२०७७-१२-२३</td><td>सभा सँचालनः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बिल भर्पाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । गत गाउँ सभा संचालन तथा अन्य विविध खर्च अतिथि सत्कार खर्च वापतको रकम भुक्तानी बाँकी खर्च शिर्षबाट न्यू थारु फूडल्याण्डलाई ०७६/५/२४ को गाँउ सभा सँचालन खर्च रु ३९९८५० भुक्तानी गरी ०७६/५/२५ को ६२४८९ र ०७७/१२/१२ को ३३७३६२.५ को गरी १००० जनाको खाना खाजाको विल पेश भएको छ । भुक्तानीको लागी दुइ आर्थिक बर्षको विल पेश भएको र भुक्तानी बाँकीको विवरण तयार नगरी भुक्तानि भएकोमा सँलग्न विल गत आर्थिक बर्षकै गाँउ सभा सँचालनको खर्च रहेको र गत बर्षमा भुक्तानी भए नभएको सम्बन्धमा विश्वस्त हुने आधार रहेन । आर्थिक बर्ष ०७६/७७ को गाँउ सभा सँचालन खर्चको लागि यस आर्थिक बर्षको विल पेश गरेकोमा सो हुनुको कारण तथा खर्च पुष्टी हुने प्रमाण पेश गर्नुपर्ने रु</td><td>३३७,३६३</td></tr>
<tr><td>३७</td><td>५९</td><td>२०७७-७-२</td><td>घटी लागत सहभागिता
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउदा लागत अनुमानमा जनसहभागीताको अँश समेतको रकम समावेश हुने र सो अँश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । गाँउपालिका अन्तर्गत उपभोक्ता समिति मार्फत हुने माटोको काममा २० प्रतिशत जनसहभागीता अँश समावेश गर्ने गरेको छ । वडा नं १ मा सडक मर्मत वापत ३ लाखको लागत अनुमान तयार गरी उपभोक्ता समितिको सहभागिता बेगर २९१००० गा पा बाट व्यहोरीने गरी सम्झौता गरी सडक मर्मत सँभार समितिलाइ २९१००० भुक्तानि गरेको छ । २० प्रतिशत जनसहभागीता अँश हुने रकम रु ६०००० समावेश नगरी सम्झौता तथा भुक्तानी गर्नाले गाँउपालिकालाई थप व्ययभार पर्न गएको छ । नियमावलीको व्यवस्था बिपरीत भुक्तानी गर्दा थप व्ययभार परेको रु</td><td>६०,०००</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>दायित्व बाँकी
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानून बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने उल्लेख छ । गाँउपालिकाले विभिन्न शिर्षक बाट कट्टा गरेको निम्नानुसारको कर तथा दायित्व सम्बन्धित खातामा जम्मा गर्नुपर्नेमा सो गरेको पाइएन । सुत्रमा देखिएको निम्नानुसारको बाँकी कर दायित्व सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>विवरण</th><th>दायित्व बाँकी</th><th>०७८/०७९मा दाखिला</th><th>बाँकी</th></tr>
<tr><td>अग्रीम आयकर</td><td>७४९६८०</td><td>२७३११०</td><td>४७६५७०</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table></td><td>१,४१३,९३३</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
			सा सु कर	३७१२८३.१८	१७०३५९.४६	१९६९२३.७२		
			मुअ कर	७४३६०९.८८	५४१६०७.८८	२०२००२		
			वहाल कर	४७४५१६	१४४५८०	३२९९३६		
			धरौटी	९६८५५१	९५६८४३	११७०८		
			क सं कोष	२६४४६५०	२५२०२२५.२	१२४४२४.८०		
			विमा	३६२१६८	२९९२००	६२९६८		
			घर वहाल कर	७५००	०	७५००		
			अन्य वहाल कर	१९००	०	१९००		
			जम्मा			१४१३९३३		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३९			**जिन्सी दाखिला तथा प्रयोग** कार्यालयमा खरिद गरीएका समान जिन्सी खातामा दाखिला नगरी रकम भुक्तानी गर्न मिल्दैन ।तर गाउपालिकाले खरिद गरीएका देहायका सामान जिन्सी दाखिला वेगरनै भुक्तानी गरको छ ।यसरी खरिद गरिएका सामान जिन्सी दाखिला प्रमाण पेश गर्नुको साथै उक्त सामान हाल कसले प्रयोग गरीरहेको छ सोको सहायक जिन्सी खाता समेत पेश हुनुपर्ने रु	२,४५३,७३६

गो भौ नं र मिति	**विवरण**	**रकम**
संघीय सरकारवाट हस्तान्तरित तर्फ		
११।२०७८।३।२४	५थान ल्यापटप खरिद	३३८४३५
१२।२०७८।३।२४	प्रिन्टर, स्क्यानर कम्प्युटर पार्टस आदी	१८६४५०
गाउपालिका पूजिगत तर्फ		
७५।२०७८।२।१६	लेजर प्रिन्टर,क्यानन प्रिन्टर र कलर प्रिन्टर गरी जम्मा १३ थान	४९७२००
६३।२०७८।२।१६	वेड सिट,मेट्रेस,तकिया पिलो, स्टुल आदी	१५५४८८
८५।२०७८।३।२२	जुट कार्पेट, पि भी सी कार्पेट पर्दा आदी	३९६५०४
८६।२०७८।३।२२	जुट कार्पेट, पि भी सी कार्पेट पर्दा आदी	१३२३५७
९६।२०७८।३।२३	जुट कार्पेट, पि भी सी कार्पेट पर्दा आदी	२५०३५१
९७।२०७८।३।२३	लो वेड, मेट्रेस, सोफासेट लगायतका फर्निचर	४९६८६१
	जम्मा	२४५३७३६

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०</td><td></td><td></td><td>सोझै खरिद
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुनेगरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सो उपनियमहरुमा उल्लीखित सिमा भन्दा बढी रकमको एउटै व्यक्ती, फर्म, कम्पनी वा सँस्थासँग सोझै खरिद गर्न नसकिने व्यवस्था छ । गाँउपालिकाले यो वर्ष निम्नानुसारको वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ निम्नानुसार रु. १७१२२४० को सोझै खरिद गरेको देखियो । एकै प्रकृतिका सामान खरिद गर्दा आपूर्तिकर्ता संग पटक पटक टुक्रे विलबाट सोझै खरीद गरेको नियमित नदेखिएको रु.
<table>
<tr><th>भौचर/मिति</th><th>खरिद विवरण</th><th>आपूर्तिकर्ता</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>३८४-३/२२</td><td rowspan="5">गाँउपालिका चालु तर्फ
मसलन्द तथा कार्यालय सामाग्री</td><td>एकता अफसेट प्रेस</td><td>४९८१६१</td><td></td></tr>
<tr><td>३८५-३/२२</td><td>दिपक ट्रेडर्स एण्ड सप्लायर्स</td><td>४५९५७६</td><td></td></tr>
<tr><td>३८७-३/२२</td><td>जय माँ कालि ट्रेडर्स एण्ड सप्लायर्स</td><td>१३२३२५</td><td>२ वटा टुक्रे विल</td></tr>
<tr><td>३८९-३/२२</td><td>लक्की ट्रेडर्स</td><td>४६७८२०</td><td>जिन्सी खाता पाना उल्लेख नभएकोले जिन्सी दाखिला गर्नुपर्ने</td></tr>
<tr><td>४०२-३/२४</td><td>उपलब्धी ट्रेडर्स एण्ड सप्लायर्स</td><td>१५४३५८</td><td></td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१७१२२४०</td><td></td></tr>
</table></td><td>१,७१२,२४०</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>बैठक भत्ता
प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ को नियम १४ मा कार्यालय समयमा एउटै निकाय र अन्तर्गतका पदाधिकारी र कर्मचारी मात्र बस्ने बैठकमा बैठक भत्ता प्रदान नगरिने तथा प्रचलित कानुन तथा कुनै निर्णय एवँ आदेश बाट गठीत समिति वा कार्यदलको बैठकको मात्र भत्ता प्रदान गरिने उल्लेख छ ।</td><td>२१,२५०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>निम्नानुसारको भौचरबाट कार्यालय समयमा गाँउपालिकाको पदाधिकारी र कर्मचारी मात्र बसको बैठकमा बैठक भत्ता भुक्तानी गरेको पाइयो । निर्देशिका विपरीत भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौचर /मिति</th><th>भुक्तानी पाउने</th><th>भुक्तानी रकम</th><th>असुल गर्नुपर्ने रु</th><th>कैफियत</th></tr>
<tr><td rowspan="11">१६०-९/१,
४२३-३/२९</td><td>हेमन्त कुमार बहडखेर</td><td>३०००</td><td>२५५०</td><td rowspan="11">सहकारी सँस्था विनिमय प्रमाणीत सम्बन्धि बैठक</td></tr>
<tr><td>तिर्थमाया खत्वे</td><td>३०००</td><td>२५५०</td></tr>
<tr><td>निरज कुमार देव</td><td>२०००</td><td>२५५०</td></tr>
<tr><td>अशोक कुमार सिँह</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>रामअशिस यादव</td><td>३०००</td><td>२५५०</td></tr>
<tr><td>रमानन्द चौधरी</td><td>३०००</td><td>२५५०</td></tr>
<tr><td>दुर्गा नन्द यादव</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>राजेन्द्र प्रसाद सूनरैत</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>कपिलेश्वर यादव</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>विशेश्वर यादव</td><td>३०००</td><td>२५५०</td></tr>
<tr><td>सुभाष कुमार यादव</td><td>३०००</td><td>२५५०</td></tr>
<tr><td></td><td colspan="2">जम्मा</td><td>२१२५०</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४२	89	२०७७-७-५	**थप व्यभार** प्रदेश नं २ सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्वन्धी ऐन २०७७ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्वन्धी ऐन २०७५ बमोजिम सुविधा नपाएका पदाधिकारी वा सदस्यले सो सुविधा नपाएको मिति देखि मात्र यस ऐन बमोजिमको सुविधा पाउने उल्लेख छ ।सो कानुन बमोजिम यस गाउपालिकाका पदाधिकारीहरुले २०७६ कार्तिक देखि २०७७ असारसम्मको २०७७ को ऐन बमोजिमको सुविधा रु ३२४०००० भुक्तानी गरेको छ । पछी निर्माण भएको कानुनले अधि देखिकै सेवा सुविधा पउने व्यवस्थको कारण पूर्व कानुनले पाउने भन्दा देहाय बमोजिम रु २७०००० थप भुक्तानी भइ बढि व्यभार परेको छ । **पदाधिकारी** / **२०७५ बमोजिम पाउने मसिक सुविधा** / **२०७७ बमोजिम पाउने मसिक सुविधा** / **मासिक फरक** / **९ महिनाको** १५ गाउ सभा सदस्य / ७००० / ९००० / २००० / २७००००	
४३			**सँघिय हस्तान्तरीत चालु तर्फ** अ हे व ओम प्रकाश यादवलाई चौथो तहको मासिक तलव स्केल रु २६६१० ले भुक्तानी गर्नुपर्नेमा मासिक रु २८२०० का दरले भुक्तानी भएवाट १२ महिनाको क सं कोष थप समेत रु २०९८८। र दसैखर्च रु १५९० समेत जम्मा रु २२५७८ बढि भुक्तानी भएको छ ।वढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु	२२,५७८
४४			**अनुदान फिर्ता** संचितकोष फिर्ता संघीय रकारवाट शसर्त अनुदानको रुपमा प्राप्त रकम आर्थिक बर्ष भित्र खर्च हुन नसकेमा बाँकी रकम संघीय संचित कोष फिर्ता गर्नु पर्दछ ।यस गाउपालिकाले संघीय सरकार शसर्तको रुपमा प्राप्त रकमवाट वेचन यादवलाइ नर्सरी स्थापना गर्न २०७८ असार २३ गते रु २०००००।पेश्की दिएकोमा समयमा चेक नसाटेको कारण उक्त रकम खर्च नभइ मौज्दात रहेको छ।बजेट खर्च लेखिएतापनि बैंक खर्च हुन नसकी मौज्दात रहको छ।मौज्दात रकम संघीय संचित कोष दाखिलाको प्रमाण पेश हुनुपर्ने रु	२००,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४५</td><td></td><td></td><td>विल भन्दा बढी भुक्तानी
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्चको विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ ।कार्यालयले गो भौ नं ८।२०७८।३।३१ वाट लघु उधम कार्यक्रम संचालन गरेवापत हरेराम कुमारी चौधरीलाइ रु ११५०१४। को मात्र विल भर्पाइ संलग्न गरी रु १२०७१४। शोधभर्ना भुक्तानी दिएकोले विल भर्पाइ भन्दा बढि शोधभर्ना दिएको रकम असुल गर्नुपर्ने रु</td><td>५,७००</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>विल भर्पाइ
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम १९(५) मा खर्चको विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ ।तर गाउपालिकाले देहाय बमोजिमको भुक्तानीमा खर्च पुष्टि हुने विल भर्पाइ संलग्न गरेको पाइएन ।खर्च पुष्टि हुने विल भर्पाइ पेश हुनुपर्ने रु
<table>
<tr><th>गो भौ नं र मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>७७।२०७८।३।१६</td><td>महिला स्वास्थ्य स्वयंसविका ४५ जनालाइ पोशाक भत्ता रु १०००० र यातायात खर्च रु ३००० समेत रु १३००० ले हुने रु ५८५००० खर्च लेखेकोमा रकम बुझेको भर्पाइ पेश नभएको रु</td><td>५८५०००</td></tr>
<tr><td>७८।२०७८।३।१६</td><td>मातृ शिशु कार्यक्रम बापत महिला स्वास्थ्य स्वयंसविकालाइ भत्ता खर्च लेखेकोमा रकम बुझेको भर्पाइ पेश नभएको रु</td><td>७२०००</td></tr>
<tr><td>१२४।२०७८।३।२४</td><td>मातृ तथा नव शिशु कार्यक्रमको आमा सुरक्षा अन्तर्गत न्यानो झोला २२२ खरिद गरी ड्रग इन्टरनेशनललाइ रु १९७६०९ भुक्तानी गरेकोमा उक्त झोला वितरणको भर्पाइ पेश नभएको रु</td><td>१९७६०९</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८५४६०९</td></tr>
</table></td><td>८५४,६०९</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४७			**औषधी खरिद** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा खरिद गर्न सकिने व्यवस्था छ ।यस गाउपालिकाले औषधी न्यानो झोला र सेनेटरी प्याड खरिद गर्ने प्याकेज वनाइ शिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्न ड्रग इन्टरनेसनलसंग रु ३०६५००० को सम्झौता गरी यो वर्ष औषधीको रु १८२६७६८ को विल संलग्न गरी रु.१०२६७५८ मात्र भुक्तानी गरेको छ । सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः **क** खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको नदेखिएको। **ख** आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्नुपर्नेमा सो अनुसार नराखेको । **ग** आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको । **घ** औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्नु पर्नेमा खरिद गरीएका औषधी जिन्सी खातामा आम्दानी नजनाइ भुक्तानी गरेको छ ।खरिद भएका औषधीको जिन्सी खातामा दाखिला गरेको र सो वितरणको अभिलेख पेश हुनुपर्ने रु	१,०२६,७५८
४८			**शिक्षा तर्फ- शिक्षक पारिश्रमीक** यस गाँउपालिका अन्तर्गत १२ वटा सामुदायिक विद्यालयहरु सँचालनमा रहेकोमा लेखापरीक्षण योजना बमोजिम नमूना छनौट गरी परीक्षण गर्दा देखिएका व्यहोरा निम्न छनः	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४८.१			**तलव निकासा -** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वियन पुस्तिका २०७६/७७ को खण्ड २.१ मा स्थानिय तहले कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकीन विवरण शिक्षा विकास तथा समन्वय इकाईबाट प्राप्त गरी वा अद्यावधिक गरि सोहि अनुसार दरबन्दि, राहत र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुका लागि विद्यालयबाट प्राप्त माग फारम रुजु गरी अनुदान निकासा गर्ने व्यवस्था छ । यस गाँउपालिकाले स्थायी शिक्षकहरुको तलवि प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाईबाट पारित गराइ सो बमोजिम निकासा गर्नुपर्नेमा सो नगरेको, शिक्षक सरुवा बढुवा, राजिनामा, अवकाश लगायतको एकिकृत विवरण पेश नगरेको तथा विद्यालयको माग फारमलाइ मात्र आधार लिइ रु ३३९०६८०४ तलब निकासा गरेको पाइयो । यसरी कार्यक्रम कार्यान्वियन पुस्तिकाको व्यवस्था विपरित तलब निकासा गरेकोमा ग्रेड भिडान तथा दरबन्दि बमोजिमको निकासा भिडान गर्न सकिएन । तलवि प्रतिवेदन पारित गराइ विद्यालयबाट प्राप्त माग फारम रुजु गरी अनुदान निकासा गर्ने पद्धती अवलम्वन गर्नुपर्दछ ।	
४८.२			**तलव बढि निकासा**– शिक्षा विकास तथा समन्वय इकाई सप्तरीको च. नं. ८४३ मिति ०७७।११।२६ को पत्रानुसार भवानी राधा आ वि गोइठी तिरहुत ३ मा कर्यरत प्रा वि द्धितीय शिक्षक श्रिचन्द्र यादवले २०७७।१।१ देखि लागु हुने गरी अनिवार्य अवकाश लिएको पाइयो । उक्त शिक्षकको लागि यो बर्ष प्रथम चौमासिकमा रु १९७४१२, दोश्रो चौमासिकमा रु १६२६३२ गरी जम्मा रु. ३६००४४ (क.सं. कोष समेत) अवकास पश्चातको रकम विद्यालयलाई निकासा भएको छ । साथै उक्त शिक्षकलाई आ. व. ०७६।०७७ को तेश्रो चौमासिकमा अवकाश मिति पश्चातको २०७७ बैशाख, जेष्ठ र अषाढको लागि निकासा गरेको तथा सोही बमोजिम र्भपाइ पेश गरेको छ । गत बर्ष प्रति महिनाको ४०६५८ को दरले ३ महिनाको रु. १२१९७४ मा कर कट्टा गरी १२०७५४.२६ भरपाई गरेको असुल गर्नुपर्ने देखिन्छ । यसरी अवकाश मिति पछिको तलब निकासा भएको असुल गर्नुपर्ने जम्मा रु	४८०,७९८
४८.३			**ग्रेड बढि निकासा**– अर्थ मन्त्रालयबाट आर्थिक वर्ष ०७७।०७८ को प्राप्त तलवमान र सुविधामा प्रा वि द्वितीय शिक्षकको अधिक्तम ग्रेड ८ हुने उल्लेख छ ।चु ह ज मा वि मयनाकडरीमा कार्यरत शिक्षक प्रा वि द्वितीय राजेन्द्र ठाकुरको तेश्रो चौमासिकमा ९ ग्रेड प्रति महिनाको दरले निकासा माग गरेको छ । तोकिएको अधिक्तम ग्रेड सँख्या भन्दा रु ९४० को दरले एक ग्रेड बढी माग गरेकोमा तिन महिनाको हुने ३१०२ (थप संचयकोष समेत) असुल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु	३,१०२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४९	८१	२०७८-३-२०	**छात्रवृती** गाँउपालिका अन्तर्गत संचालित विद्यालययहरुमा रहेका छात्रा र दलित छात्रहरुको लागि रु ४०० को दरले छात्रवृत्ति अनुदान वापत रु ७९१२०० निकासा गरेको छ । गाँउपालिकाको शिक्षा शाखाका संयोजकले कोभीड १९ रोगका कारण अधिकांश समय विद्यालय बन्द रहेको र निकासा समेत समयमा नगरेकोले सो रकम सम्बन्धित विद्यार्थीहरुलाई समयमा वितरण नभएकोमा आ व ०७८।७९ मा वितरण भईरहेको जनाएको छ । सो रकम वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु	७९१,२००
५०	१२५	२०७८-३-२४	**नियुक्ती बेगर पारिश्रमिक निकासा** अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान अन्तर्गत शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दी मिलानको प्रतिवेदन अनुरुप कुनै पनि दरवन्दी वा राहत अनुदान भएका गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक व्यवस्थापनका लागि शुन्य दरवन्दी भएका विद्यालय मा वि तह (९-१०) लाई न्युनतम २ र आधारभुत तह नि मा वि तह (६-८) लाई न्युनतम १ शिक्षकको अनुदान निकासा शिक्षक भर्ना भएपछि उपलब्ध गराउने उल्लेख छ ।निम्नानुसारको विद्यालयमा कार्यविधि वमोजिम शिक्षक नियुक्ति गरी तलव भुक्तानीको लागि रकम निकासा गरेकोमा सो विद्यालय शिक्षक नियुक्ति गरेको पाइएन । कोभिड १९ का कारण अधिकांश समय विद्यालय बन्द रहेको अवस्थामा शिक्षक नियुक्त हुन नसकेको सो विद्यालयले जनाएको छ । निकासा बमोजिमको शिक्षक नियुक्तको प्रमाण, हाजिर बेगर पारिश्रमिक वापतको निकासा भएको रकम असुल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु. <table><tr><td>विद्यालय</td><td>कक्षा</td><td>रकम</td></tr><tr><td>स ज मा वि लोहजारा</td><td>९-१०</td><td>७४००००</td></tr><tr><td>भा रा आ वि गोइठी</td><td>६-८</td><td>२९८०००</td></tr><tr><td></td><td></td><td>१०३८०००</td></tr></table>	१,०३८,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५१	१२८	२०७८-३-२४	**पाठयपुस्तक** निशुल्क पाठयपुस्तक अनुदान अन्तर्गत कार्यक्रम कार्यन्वयन पुस्तिका ०७७।०७८ मा निशुल्क पाठयपुस्तक अनुदान अन्तर्गत ईमिसमा प्रविष्टि तथ्याङ्कलाई यथार्थ तथ्याङ्क सँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी यकीन संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयलाई अनुदान दिने र यसरी अनुदान दिदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने तथा २०७८ बैशाखमा सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठयपुस्तक खरीद र वितरण गरेको विवरणको आधारमा यकीन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यवस्था छ ।गाँउपिलकाले उक्त व्यवस्था विपरीत अन्तिम चौमासिकमा एकमुष्ट विद्यार्थि संख्याको आधार हुने शत प्रतिशत बराबरको रकम रु १६१३००० निकासा गरेको छ । पहिलो पटकमा ७५ प्रतिशत निकासा गर्नुपर्ने र विद्यालयबाट पाठयपुस्तक खरीद बापत पेश भएको विल भरपाईको तथा विद्यार्थि संख्या समेत यकिन गरी रकम निकासा गर्नुपर्नेमा सो गरेको पाइएन ।साथै गाँउपालिका अन्तर्गतका विद्यालयहरुले पाठयपुस्तक खरीद गरेतापनि विल भरपाई पेश नगरेको जनाएको छ । पाठयपुस्तक खरीदको विल भरपाई तथा वितरण गरेको विद्यार्थि संख्या यकिन गरी विल भरपाई भन्दा बढि निकासा भएमा असुल गरी खरीद तथा वितरणको प्रमाण पेश गर्नुपर्ने रु	१,६१३,०००
५२	१२७	२०७८-३-२४	**राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत तोकिएको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि अनुदान अन्तर्गत रा प्रा वि पिप्राही गोइठीलाई प्रिन्टर ल्यापटप खरिद गरी आई सि टी ल्याव लगायत शैक्षिक सुधारका लागि आवश्यक पर्ने सामान खरीद गर्न ६५०००० निकासा गरेको छ । उक्त विद्यालयले हाल सम्म सो सामान खरीदको विल भरपाई पेश गरेको छैन ।गाँउपालिकाले खाता रोक्का राखेको तथा हाल सम्म खरीद नभएको जानकारी दिएको छ । सो सामान खरीद तथा जडान भएको प्रमाण पेश गर्नुपर्ने रु	६५०,०००
५३	१३४	२०७८-३-२६	**विद्यालय भौतिक पुर्वाधार निर्माण** विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान अन्तर्गत रा प्रा वि पिप्राहीलाई शौचालय निर्माण कार्यको लागि ७००००० निकासा गरेको छ । उक्त विद्यालयको खाता नं २१८०००३१९२०१ रोक्का राख्ने गरी बैङ्कलाई पत्र लेखेको पाइयो । सो शौचालय निर्माण गरी सो को प्राविधिक मुल्याङ्कन, विल भरपाई, कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु	७००,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५४	१३१	२०७८-३-२५	**स्व अध्ययन सामाग्री खरीद** कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सहजिकरणका लागि शैक्षिक कार्यक्रम खर्च शिर्षकबाट स्व अध्ययन सामाग्री खरीद वापत न्यु देवचुली अफसेट प्रेसलाई रु २९९४५० भुक्तानी गरेको छ । उक्त अध्ययन सामाग्री खरीदको लागि कोटेशन माग गरेको पत्र, माग फारम, खरीद आदेश, दाखिला प्रतिवेदन बेगर भुक्तानी भएको छ । साथै अध्ययन सामाग्री विद्यालयलाई हस्तान्तरण तथा विद्यार्थीलाई वितरणको प्रमाण पेश भएको छैन । यसरी आवश्यक प्रकृया पुरा नगरी खरीद गरेको नियमित गरी वितरण हस्तान्तरणको प्रमाण पेश गर्नुपर्ने रु	२९९,४५०
५५			**निजी श्रोतको शिक्षकको तलब भत्ता** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । गाउँपालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका २ विद्यालयका ४ शिक्षकलाई तलव भत्ता वापत जम्मा रु. ९,०४,५०० वित्तीय समानीकरण अनुदानबाट तलब भत्ता भुक्तानी गरेको पाईयो। विद्यालयको आन्तरिक श्रोतवाट नीजि शिक्षकको पारीश्रमिक भुक्तानी हुने गरी नियुक्ति भएका शिक्षकलाई गाँउपालिकाले तलब भत्ता भुक्तानी गर्ने गरी विद्यालयलाई निकासा दिने प्रकृयामा नियन्त्रण गर्नु पर्दछ।	
५६			**प्रकोप व्यवस्थापन कोष तर्फ** गाउपालिकाले यो वर्ष कोभिड १९ रोग नियन्त्रणको लागि क्वारेन्टाइनमा रहेकाहरुको खाना खाजा,सर्जिकल ग्लोव्स,मास्क, सेनीटाइजर खरिद,कोभिड १९ सम्वन्धि पुस्तक छपाइ गरी वितरण,कोभिड अस्पतालको लागि सामन खरिद र कोभिड अस्पतालमा कार्यरत कर्मचारीको तलव लगायतको कार्य गरे वापत रु ३९४३९२०। खर्च लेखेको छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।	
५६.१			गाउपालिकाले कोभिड १९ रोग नियन्त्रण तथा रोगथामको लागि मास्क,ग्लोब,सेनीटइजर,थर्मामिटर,पि पि इ सेट लगायतका सामान खरिद गरी भौ नं २ र ८ वाट गरी रु ९९४३१० आपूर्तकलाई भुक्तानी गरेको छ ।उक्त सामाग्री के कुन व्यक्ति तथा संस्थाहरुलाइ वितरण गरेको हो सो को भर्पाइ संलग्न नभएको रु	९९४,३१०
५६.२			गाउपालिकाले वडा नं ५ लोहजराको क्वरेन्टाइनमा रहेका विरामीको खाना चिया विस्कुट पानी खुवाएको भनि न्यू थारु फुडल्याण्डको मिति २०७७।४। १५ को विलवाट ३०५० जनालाइ खाना,चिया,विस्कुट र पानी वापतको रु ४९९७४३ र २०७७।६।२ को विलवाट १६१४ जनालाइ खाना,चिया,विस्कुट र पानी वापतको रु २६४४५४ र सरसफाइ वापत रु २४५००।समेत रु७८८६९७।को विल संलग्न गरी वडा सचिव राम नारायण मरैता यादवलाइ भुक्तानी भएको छ। कुन अवधिमा क्वारेन्टाइनमा बसेका व्यक्तिलाइ खाना खाजा खुवाएको हो सो स्पस्ट खुल्ने अभिलेख पेश हुनु पर्ने रु	७८८,६९७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५७			**जोखिम भत्ता** कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को ७(क) मा उपचारमा रहेका बिरामीहरुको उपचारमा प्रत्यक्ष संलग्न जनशक्ति तथा बिरामीको नमूना संकलन गर्ने जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलब स्केलको शत प्रतिशत, ७ (ख) बिरामीहरुको उपचारमा अप्रत्यक्ष संलग्न र ईमेजिङ्ग सेवा प्रदायक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलब स्केलको पचहत्तर प्रतिशत, ७(ग) मा कोभिड–१९ को महामारी शुरु भइसके पछि स्थापना भएका भारत र चीनका नाकाहरुमा स्थापना गरिएका हेल्थ डेस्कमा खटिएका जनशक्ति तथा नमूना प्याकिङ्ग तथा ओसारपसारमा संलग्न तथा बिरामीहरुको ओसारपसारमा संलग्न सवारी साधनमा कार्यरत जनशक्तिलाई दोहोरो नपर्ने गरी नेपाल सरकारले तोकेको शुरु तलब स्केलको पचास प्रतिशत जोखीम भत्ता उपलब्ध गराउने उल्लेख छ । यस गाँउपालिकाका कर्मचारी तथा स्वस्थ्यकर्मीलाइ गा.पा. चालु भौचर २१४ र विपद व्यवस्थापन भौचर १ बाट गत आर्थिक बर्षको छुट जोखिम भत्ता भुक्तानी भएकोमा सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः	
५७.१			हे. अ. गजेन्द्र यादवलाइ विपद व्यवस्थापन शिर्षकबाट २०७६ चैत्र देखि अषाढ सम्मको लकडाउन अवधि ११३ दिनको तलबको ७५ प्रतिशत जोखिम भत्ता उपलब्ध गराएकोमा पुन गा.पा. चालु भौचर २१४ बाट CICT मा खटिए वापत २१ दिनको तलब स्केलको सत प्रतिशत भत्ता भुक्तानी भएको छ । यसरी एकै अवधिमा दोहरो भत्ता भुक्तानी गर्न नमिल्नेमा २१ दिनको तलबको ७५ प्रतिशतले हुने रकम रु १४८०५ मा सा. सु कर घटाइ १४६५७ असुल गर्नुपर्दछ । साथै ९२ दिनको ७५ प्रतिशत र २१ दिनको सत प्रतिशतले हुने भत्ता रकम रु ८४६०० बुझेकोमा सोमा १५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा सा. सु. कर मात्र कट्टा गरेकोले घटी कर रु ११८४४ असुल गर्नुपर्ने देखिन्छ । यसरी जम्मा असुल गर्नुपर्ने रु	२६,५०१
५७.२			बिरामीहरुको उपचारमा प्रत्यक्ष तथा अप्रत्यक्ष संलग्न,नमूना संकलन तथा बिरामी ओसारपसार,प्रयोगशाला तथाहेल्थ डेस्कमा खटिएकाजनशक्तिकोविवरण खुलाइ क्वारेन्टाइनको प्रमुखको सिफारीशमा उक्त व्यवस्था बमोजिमको दरमा भुक्तानी गर्नुपर्नेमा गाँउपालिकाका केही कर्मचारी तथा सबै स्वस्थ्यकर्मीलाइ एकमुष्ट तलबको ७५ प्रतिशत रकम उपलब्ध गराएको छ । साथै उक्त कर्मचारीहरुलाइ गत आर्थिक बर्षको भुक्तानी बाँकी प्रमाणी बेगर खर्च लेखेको छ ।	
५७.३			जोखिम भत्ता भुक्तानी गर्दा भुक्तानी रकममा १५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा १ प्रतिशत मात्र कट्टा गरी भुक्तानी भएकोले निम्नानुसारका कर्मचारीबाट घटी कर वापतको रकम असुल गर्नुपर्ने रु	१६१,२९३.४४

क्र.सं.	**नाम**	**भुक्तानी रकम**	**घटी कर**

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
			१	निरज कुमार देव	७१८८१	१००६३.३४		
			२	राजेन्द्र प्रसाद सुनरैत	७२७६८	१०१८७.५२		
			३	जयनाथ यादव	७१८८१	१००६३.३४		
			४	दुर्गानिन्द यादव	७१८८१	१००६३.३४		
			५	रमानन्द चौधरी	५६३२२	७८८५.०८		
			६	राम सागर साह	१००२७९	१४०३९.०६		
			७	राजेन्द्र राउत	७८७५३	११०२५.४२		
			८	राम किसुन यादव	७४१४३	१०३८०.०२		
			९	सन्ताषी कुमारी चौधरी	३४११९	४७७६.६६		
			१०	जुगनु देवी यादव	३०१८२	४२२५.४८		
			११	मनोज कुमार यादव	७९८६	१११८.०४		
			१२	सँजय कुमार यादव	९०३९	१२६५.४६		
			१३	अनिल कुमार साह	१३९०	१९४.६		
			१४	सोनु कुमार सोनी	४९२१०	६८८९.४		
			१५	आनन्द कुमार यादव	३३८४०	४७३७.६		

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
			१६	अनिल कुमार साह	१४१००	१९७४		
			१७	सँजय कुमार विराजी	१३३०५	१८६२.७		
			१८	पुजा कुमारी राम	१३३०५	१८६२.७		
			१९	रँजु साह	१३३०५	१८६२.७		
			२०	सिव नारायण साह	१७९५५	२५१३.७		
			२१	रमेश कुमार यादव	१४१००	१९७४		
			२२	शशिकला यादव	१४१००	१९७४		
			२३	ओमप्रकाश यादव	१३३०५	१८६२.७		
			२४	सिमा कुमारी मेहता	१३३०५	१८६२.७		
			२५	सँजय कुमार यादव	१४१००	१९७४		
			२६	मँजु यादव	१४१००	१९७४		
			२७	विजय कुमार झा	१३३०५	१८६२.७		
			२८	निलम चौधरी	३१९३२	४४७०.४८		
			२९	मनोज यादव	१७९९५	२५१९.३		
			३०	जयनाथ यादव	१३३०५	१८६२.७		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
			३१	किरण कुमारी साह	१३३०५	१८६२.७	
			३२	पुनम कुमारी मंडल	१३३०५	१८६२.७	
			३३	रेहना पविन	१३३०५	१८६२.७	
			३४	अर्चना कुमारी चौधरी	१३३०५	१८६२.७	
			३५	सिमरीत राम	१३२८५	१८५९.८	
			३६	दिपेश कुमार यादव	४५२००	६३२८	
			३७	लवकान्त मेहता	४५२००	६३२८	
				जम्मा		१६१२९३.४	
५८			**सामाजिक सुरक्षातर्फ**				
५८.१			पारदर्शिताः सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३३बमोजिम पारदर्शिता प्रवद्धनका लागि सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लागग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानी तहले आफ्नो वेभसाइटमा राख्ने व्यवस्था भए पनि गाउपालिकालेआफ्नो वेभसाइटमा राखेको देखिएन ।				

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५८.२			अनुगमन सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्यक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन। सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउँदै तोकिए बमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । सोही कार्यविधिको दफा २७ बमोजिम नेपाल सरकारको संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाइ तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५८.३			भत्ता वितरण सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २५ बमोजिम बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नं र जम्मा भएको रकम सहितको विवरण चौमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई विद्युतीय माध्यमबाट अनिवार्य रुपमा पठाउनु पर्नेमा यो आर्थिक वर्षमा दुई वटा बैंक वडा नं.१,२ र ३ को लागि एन आई सी एशिया बैंक लि. लाई रु.३७७३५९९१ रकम पठाएको र वडा नं.४ र ५ को लागि कामना सेवा विकास बैङ्क लि. लाई रु.३०८२०००९ रकम पठाएको छ। बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खातामा पठाएको रकम सहित को विवरणको चौमासिक रुपमा गाउपालिकालाई पठाउनु पर्नेमा सो अनुसारको बिबरण पठएको देखिएन । बितरण गर्न बाँकी रकम आर्थिक वर्षको अन्त्यमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेकोमा दुवै बैँकले मिति २०७८।७।१० मा रु.३०,१८,००२ गाउँपालिकाले संचितकोष खातामा दाखिला गरेको भौचर पेश भएको छ ।बैँकले लाभग्राहीको खातामा रकम जम्मा गरेको देखिने बैँक स्टेटमेन्ट पेश हुनु पर्दछ ।	

बैङ्कको नाम	जम्मा बैङ्क पठाएको रकम	वितरण गरिएको रकम	फिर्ता रकम
एन आई सी एशिया बैङ्क लि. तिरहुत वडा नं.१,२ र ३को लागि	३७७३५९९१	३७३७७९८९	३५८००२
कामना सेवा विकास बैङ्क लि. तिरहुत वडा नं.४ र ५ को लागि	३०८२०००९	२८१६०००९	२६६००००
जम्मा	६८५५६०००	६५५३७९९८	३०१८००२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५८.४			**लगत कट्टाः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ बमोजिम स्थानीय तहको वडाका सचिव वा निजले तोकेको जिम्मेवार पदाधिकारीले लाभग्राहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिकाको उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगातार १ वर्ष सम्म खाता निस्क्रीय भएमा, एक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा र अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नु पर्ने व्यवस्था छ । गाउपालिकबाट आर्थिक वर्ष २०७७।७८ मा लाभग्राहिको लगतकट्टा गरेको विवरणलेखापरीक्षणको क्रममा पेश भएकोछैन । जसबाट वास्तविक लाभग्राहीको संख्या एकिन गर्न सकिएन ।	
५९			**आन्तरिक आय**	
५९.१			रसिद नियन्त्रण खाताः गाउँपालिकाले आन्तरिक आय तर्फ प्रयोग हुने नगदी रसिद नियन्त्रण खाता राखेको पाईएन । गत वर्षको जिम्मेवारी रसिद थान. यो वर्ष छपाइ गरेको रसिद, यस वर्षको खर्च र बांकी रसिदको विवरण स्पष्ट देखिने गरी रसिद नियन्त्रण खाता राख्नु पर्दछ । आम्दानी तर्फ गोश्वारा भौचर खडा गरी वैंक दाखिला विवरण समेत अद्यावधिक गरी राख्नु पर्नेमा वैंक दाखिला विवरण र गोश्वारा भौचर तयार नगरेको र रसिद नियन्त्रण खाता समेत नराखेको कारण गाउपालिकाको आन्तरिक आम्दानी देखाएको रु २३५१०१४.३२ एकिन गर्न सकिएन ।	
५९.२			रकम ढिला दाखिलाः आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०६७ को नियम ५८मा नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने व्यवस्था छ । गाउँपालिका अन्तर्गतका वडाहरुले विभिन्न शिर्षकमा आम्दानी गरेको रकम कतिपय वडाले मासिक रुपमा र कतिपयले ४/५ महिना पछि मात्र दाखिला गर्ने गरेको पाइयो समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्दछ	
६०			**धरौटी** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ६४ मा कार्यालयले धरौटी खातामा जम्मा भएको रकमको गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नु पर्दछ ।एक आर्थिक बर्षमा बाँकी रहेको धरौटी अर्को आर्थिक बर्षको लागि जिम्मेवारी सार्नु पर्दछ । यसरी जिम्मेवारी सार्दा धरौटी रकमको छुट्टै बैँक नगदी किताव समेत राखि कुन काम वापत धरौटी हुन आएको हो सो व्यहोरा समेत खुलाइ जिम्मेवारी सार्नु पर्ने व्यवस्था छ ।तर यस गाउपालिकाले नियमामा भएको व्यवस्था वमोजिम धरौटी कारोवारको गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता राखेको पाइएन । व्यक्तिगत धरौटी खात अद्यावधिक गरी नामनामेसी नखुलेको र प्रयोजन समाप्त भएको धरौटी सदर स्याहा गर्नुपर्दछ ।	
			बेरुजु सम्परीक्षण	

६१ क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

सम्परीक्षणः स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । साथैआर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ४० बमोजिम लेखापरीक्षणबाट बेरुजु फस्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने र तोकिए बमोजिम सम्परीक्षण गराउनु पर्ने तथा तोकिए बमोजिमको कार्यविधि अपनाइ सम्बन्धित लेखाउत्तरदायी अधिकृतले त्यस्तो बेरुजु नियमीत गरी फर्छ्यौट गर्नुपर्ने व्यवस्था छ। यस गाँउपालिकाकोआर्थिक बर्ष २०७७।७८ को अन्त्य सम्ममा १६ करोड ४५ लाख ४९ हजार वेरुजु बाँकी भएकोमा लेखापरीक्षण अविधमा बेरुजु फछ्र्यौट गरी संपरीक्षणको लागि पेश गरेकोमा निम्नानुसारको रु ११८२२०९३ को बेरुजु फछ्र्यौट मनासिव देखिएकोले संपरीक्षण गरीएको छ । बाँकी बेरुजु फछ्यौट गर्न कार्यालयले पहल गर्नु पर्दछ ।

आर्थिक बर्ष	दफा नं	व्यहोरा	रकम
०७५।७६	४९	स्यानीटरी प्याड वितरणको भर्पाइ पेश	२५०००
०७५।७६	५४.३	पोषण सप्ताह कार्यक्रम संचालनको प्रमाण पेश	३००००
०७५।७६	५४.४	पोषण सप्ताह कार्यक्रमको बैंक दाखिलाको प्रमाण पेश	२००००
०७५।७६	५४.५	तालिम संचालन भएको प्रमाण तथा प्रतिवेदन पेश	४१५०००
०७५।७६	५४.७	औषधि खपतको विवरण पेश	८००००
०७५।७६	२१, ८४	तिर्थमाया खंग द्वारा बैंक दाखिलाको प्रमाण पेश	३७१००
०७५।७६	२१	शैलेन्द्र कुमार यादव द्वारा बैंक दाखिलाको प्रमाण पेश	२२१००
०७५।७६	२१	सुलेमान मंसुरी द्वारा बैंक दाखिलाको प्रमाण पेश	२२१००
०७५।७६	२२	बिरेन्द्र कुमार यादव द्वारा बैंक दाखिलाको प्रमाण पेश	२२१००
०७४।७५	४७	प्रहरी चौकी निर्माण कार्यमा नपुग कर दाखिलाको प्रमाण पेश	११५२३
०७४।७५	८८	कैलाश प्रसाद यादव बाट नपुग कर दाखिलाको प्रमाण पेश	११७०
०७४।७५	१०६	वडा सचिवहरुले लिएको पेश्की मध्ये रु ११४४०० संघीय संचित कोष दाखिला र वाँकी रु ११०२२००० भत्त वितरणको भर्पाइ पेश	११११३६०००
			११८२२०९३

https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछर्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछर्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट गत विगत वर्षको बेरुजू फछर्यौटको तथा अध्यावधिक बेरुजूको स्थिति निम्नानुसार देखिएको छ ।

(रु हजारमा)
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>यो वर्ष कायम बेरुजू (C)</th><th>संपरीक्षणबाट कायम बेरुजू (D)</th><th>अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>१६४५४९</td><td>११८२२</td><td>६१२९६</td><td>०</td><td>२१४०२३</td></tr>
</table>
</td><td></td></tr>
</table>